वर्ष २० | अंक १२४ | काठमाडौं | आइतवार, २० माघ २०८१ | Sunday, 2 February 2025 | पृष्ठ ८ | मूल्य रू. १०

ISSN No. 2822-1702

@abhiyannationaldaily
@aarthik_abhiyan

ग्राहक प्रति

NEW BUSINESS AGE LTD.

# आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक

www.abhiyandaily.com

बागलुङमा २६ करोड ४६ लाखको सुन्तला बिक्री २

चिसोको जोखिममा परेका समुदायलाई मेटलाइफको सहयोग ३

प्रस्तावित पर्यटन नीतिमा के छ फरक ? ४

नवीकरणीय ऊर्जा प्रमाणपत्रका लागि इप्पान–प्रोक्लाइम सम्झौता ८



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो भएमा कल गर्नु पर्दैन,

९८४७३४५६६०
९८५१०१९०३८
९८४१९५९२९८

भाइबरमा SMS मात्र गर्नुहोस्, हामी यताबाट कल गर्छौं ।

भारतीय बजेटको असर

## भारतीय ईभी सस्तिन सक्ने

### भारतमा गरगहना सस्तिँदा नेपालीले पनि भारतका सीमावर्ती बजारबाट किन्न सक्ने जोखिम

विजय दमासे

काठमाडौं

नेपालको बजारमा चिनियाँ विद्युतीय गाडी (ईभी)को दबदबा रहेका बेला भारतले यस्ता गाडीको उत्पादन लागत घटाउन नयाँ बजेटमार्फत लिएको नीतिले भारतीय ईभी सस्तिई नेपाली बजारमा पनि थप प्रतिस्पर्धी हुने सम्भावना बढेको छ । भारतीय वित्तमन्त्री निर्मला सीतारमणले शनिवार लोकसभामा आर्थिक वर्ष २०२५/२६ को बजेट पेश गर्दै ईभी ब्याट्री उत्पादनका लागि चाहिने महत्त्वपूर्ण सामग्रीमा आधारभूत भन्सार दर पूणरूपमा हटाउनेदेखि ब्याट्री उत्पादनको लागि चाहिने मेसिनमा लाग्ने भन्सार घटाउने घोषणा गरिन् ।

ब्याट्री उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थहरू कोबाल्ट, लिथियम आयन ब्याट्री स्क्र्याप, लिड, जिंक र अन्य १२ पदार्थमा आधारभूत भन्सार पूर्ण रूपमा हटाइएको हो । नेपाल लगायत संसारभरि चिनियाँ ईभीले बजार कब्जा गरिरहेको बेला भारतले स्वदेशमा उत्पादित ईभी ब्याट्री सस्तो पार्न खोजेको हो । 'ईभीको उत्पादन भारतमै सस्तोमा भए नेपालमा आउँदा समेत भाउ अहिलेको भन्दा कम हुन्छ । भाउ कम र गुणस्तर राम्रो भए आकर्षण बढ्न सक्छ,' नेपालमा भारतीय ईभी बिक्री गर्दै आएका एक विक्रेताले भने ।

भारतीय ईभीको उत्पादन लागत महँगो परेका कारण चिनियाँको तुलनामा आकर्षण कम भएको नेपाली विक्रेता बताउँछन् । लामो समय भारतमा उत्पादित इन्धनबाट चल्ने गाडीले नेपालको बजारमा एकछत्र राज गरे पनि केही वर्षयता चिनियाँ ईभीको बर्चश्व छ । भन्सार विभागको तथ्यांकअनुसार चालू आर्थिक वर्षको ६ महीनासम्मको तथ्यांक हेर्दा भारतभन्दा चीनबाटै धेरै ईभी आइरहेको देखिन्छ । यो अवधिमा चीनबाट ४ हजार २०५ ओटा ईभी भित्रिएका छन्, जब कि भारतबाट १ हजार ५० ओटा मात्रै आएका छन् । गत आर्थिक वर्ष ११ हजार ७०१ विद्युतीय चारपांग्रे आयात भएकोमा ८ हजार ६५ ओटा चीनका थिए ।

नेपालमा आयात हुने ईभीमा चिनियाँ ब्रान्डको हिस्सा ८० प्रतिशत हाराहारी देखिन्छ । विक्रेताहरूले बीवाईडी, नेटा, एमजी, सेरेस, ओरा जस्ता चिनियाँ ब्रान्डसँगै टाटा, हुन्डाई, महिन्द्रा,

- ईभी ब्याट्री उत्पादनमा प्रयोग हुने ३५ ओटा वस्तु भन्सारमुक्त सूचीमा थप
- वार्षिक १२ लाख भारतीय रूपैयाँसम्मको आम्दानीमा कर नलाग्ने
- गहनामा लाग्ने भन्सार शुल्क २५ बाट घटाएर २० प्रतिशत बनाइयो

कियालगायत ब्रान्डका ईभी नेपाल ल्याएर बिक्री गरिरहेका छन् । विक्रेताहरूका अनुसार भारतीय ब्रान्डको सूचीमा टाटा मोटर्स पनि सामेल छ, जसले हाल पन्च र टियागो ईभीमार्फत राम्रो कारोबार गरिरहेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हालै 'सवारीसाधनको विश्वव्यापी प्रदर्शनी'मा ईभीलाई प्रश्रय दिने खालको नीति आगामी बजेटले लिने घोषणा गरेका थिए । उनले सवारीसाधन निर्मातासँगै कम्पोनेन्ट, इलेक्ट्रोनिक उपकरण, टायर र ऊर्जा भण्डारणका साथै सवारीसाधन सफ्टवेयर कम्पनीका उत्पादनसमेत बढाउने सरकारको नीति रहेको बताएका थिए । सोहीअनुरुप भारत सरकारले ईभीको भाउ घटाउने गरी बजेटमार्फत उपकरणमा लाग्ने भन्सार दरमा ठूलो हेरफेर गरेको हो । भारतीय सञ्चारमाध्यमका अनुसार भारत सरकारको नीतिले ब्याट्री उत्पादनमा लागेका भारतीय कम्पनीहरू टाटा मोटर्स, ओला इलेक्ट्रिक, लग ९ मेटरियल्स, रिलायन्स इन्डस्ट्रिज आदिलाई प्रत्यक्ष फाइदा पुग्नेछ । भारतले सन् २०३० सम्म कुल गाडी बिक्रीमा ३० प्रतिशत ईभीको अंश पुऱ्याउने लक्ष्य लिएको छ ।

#### गरगहना पनि सस्तिने

भारतको नरेन्द्र मोदी सरकारले ल्याएको नयाँ बजेटले भारतभर गरगहना सस्तिने देखिएको छ । सन् २०२५ देखि लागू हुने गरी गहना आयातमा लाग्ने भन्सार शुल्क २५ बाट घटाएर २० प्रतिशत बनाउने घोषणा गरिएको छ । यसले भारतीय बजारमा गरगहना सस्तो हुनेछ । पारि गरगहना सस्तो हुँदा सीमावर्ती क्षेत्रका नेपालीले उतैबाट किन्ने जोखिम बढ्ने नेपाली सुनचाँदी व्यवसायी बताउँछन् ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका उपाध्यक्ष दियश शाक्यका अनुसार गत साउनमा भारतले सुन आयातमा लाग्ने भन्सार घटाउँदा नेपालको तुलनामा पारि सुन सस्तिएर नेपाली बजार ५० प्रतिशतले प्रभावित बनेको थियो । वर्तमान अर्थमन्त्री विष्णु पौडेलले सुन आयातमा लाग्ने भन्सार दर घटाएपछि बजार केही तङ्ग्रिदै छ । 'गरगहनामा भारतले घटाएको भन्सार दरको असर पक्कै पर्न सक्छ,' उनले भने, 'यसबारे सरकारी स्तरबाटै पुनः पुनरवलोकन गर्नुपर्ने भए ढिला गर्नु हुँदैन ।'

#### मध्यम वर्गलाई छुट

लगातार तेस्रोपटक भारतीय सरकारको नेतृत्व गरेका प्रधानमन्त्री नरेन्द्र मोदी सरकारले मध्यम आर्थिक अवस्था भएकालाई विशेष प्राथमिकता दिँदै नयाँ बजेट ल्याएको छ । शनिवार लोकसभामा पेश गरिएको बजेटमा १२ लाख भारतीय रुपैयाँसम्मको वार्षिक आम्दानीमा कर नलाग्ने भनिएको छ । नयाँ बजेटमा पारिश्रमिक वर्गको लागि स्टान्डर्ड डिडक्सन ७५ हजार रुपैयाँ कायम राखिएको छ । यसको अर्थ १२ लाख ७५ हजार रुपैयाँसम्म वार्षिक आम्दानीमा आयकर लाग्दैन । यसअनुसार कुनै कर्मचारीको वार्षिक आम्दानी १२ लाख ७५ हजार रुपैयाँ छ भने उसले आयकर तिर्नु पर्दैन ।

वरिष्ठ नागरिकको लागि ब्याजमा कर छुटको सीमा ५० हजारबाट १ लाख रुपैयाँ पुऱ्याइएको छ । वित्तमन्त्री सीतारमणका अनुसार सरकारले अर्को हप्ता आयकर विधेयक ल्याउनेछ । मोदी नेतृत्वको सरकारले नै यसअघि सन् २०१४ मा साढे २ लाखसम्म, सन् २०१९ मा ५ लाखसम्म र सन् २०२३ मा ७ लाख रुपैयाँसम्मको आयलाई करमुक्त गरेको थियो । कतिपय अर्थविद्हरूले यसलाई पछिल्लो एक दशकमा गरिएको सबैभन्दा ठूलो सुधारको रूपमा व्याख्या गरेका छन् ।

### नेपाललाई दिने अनुदान यथावत



भारत सरकारले आगामी आर्थिक वर्ष सन् २०२५/२६ मा नेपाललाई दिने अनुदान रकम यथावत राखेको छ । शनिवार सार्वजनिक भारतीय बजेटमा नेपाललाई ७ अर्ब भारू (रू. ११ अर्ब १८ करोड नेपाली रुपैयाँ) बराबर सहायता उपलब्ध गराउने उल्लेख छ ।

भारतले चालू आर्थिक वर्ष सन् २०२४/२५ मा पनि सोही बराबर अनुदान उपलब्ध गराएको थियो ।

अघिल्लो आर्थिक वर्ष सन् २०२३/२४ मा भारतले नेपाललाई १० अर्ब ५० करोड रुपैयाँ (६ अर्ब ५७ करोड रुपैयाँ) सहयोग घोषणा गरेको थियो । हाल नेपाल भारतबाट पाउने वित्तीय सहायताको हिसाबले दोस्रो नम्बरमा छ । नेपालपछि भारतबाट बढी सहयोग माल्दिभ्सले पाउँछ । भारतीय सहयोग सबैभन्दा बढी भुटानले पाउँछ ।

माल्दिभ्सले आगामी आर्थिक वर्षमा पाउने अनुदान उल्लेख्य रूपमा बढेको छ । नयाँ दिल्लीले माल्दिभ्सका लागि ६ अर्ब भारतीय रुपैयाँ छुट्ट्याएको छ । भारतले माल्दिभ्सलाई चालू आर्थिक वर्षका लागि शुरूमा ४ अर्ब भारतीय रुपैयाँ छुट्ट्याए पनि पछि संशोधन गरेर ४ अर्ब ७० करोड पुऱ्याएको थियो । सन् २०२३/२४ मा माल्दिभ्सले भारतबाट ८ अर्ब ३२ करोड भारतीय रुपैयाँ सहयोग पाएको थियो ।

भुटानले आगामी आर्थिक वर्ष भारतबाट २१ अर्ब ५० करोड भारतीय रुपैयाँ पाउनेछ । भारतले चालू वर्षका लागि शुरूमा भुटानलाई २० अर्ब ६८ करोड दिने प्रतिबद्धता गरेकोमा पछि संशोधन गरेर २५ अर्ब ४३ करोड भारतीय रुपैयाँ पुऱ्याएको थियो । सन् २०२३/२४ मा भुटानले २३ अर्ब ३२ करोड भारतीय रुपैयाँ अनुदान पाएको थियो ।

## विनादर्ता सञ्चालित उद्योगलाई दर्ता हुन आह्वान

अभियान संवाददाता

काठमाडौं

सरकारले हालसम्म दर्ता नभई स्थापना तथा सञ्चालनमा रहेका उद्योग १ वर्षभित्र दर्ता हुन सक्ने व्यवस्था लागू गरेसँगै उद्योग विभागले यस्ता उद्योगलाई दर्ता हुन आह्वान गरेको छ । सरकारले अध्यादेशमार्फत विनादर्ता सञ्चालित उद्योगहरू जरिवाना तिरेर दर्ता हुन सक्ने व्यवस्था गरेको हो ।

विभागले एक सूचना जारी गरी मुलुकमा सञ्चालन तथा स्थापना भएका तर सम्बद्ध सरकारी निकायमा दर्ता नभएका लघु उद्यम, घरेलु तथा साना, मझौला र ठूला सबैखाले उद्योगलाई दर्ता हुन एक वर्ष समय दिएको हो ।

'आर्थिक तथा व्यावसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१' ले औद्योगिक व्यवसाय ऐन संशोधन गरी यस्ता उद्योग बन्द गराउने प्रावधान हटाई दर्ताको बाटो खोलेको हो ।

संशोधनअघिको औद्योगिक व्यवसाय ऐन, २०७६ मा दर्ताविना सञ्चालित उद्योगहरू उद्योग दर्ता गर्ने निकायको सिफारिशमा बन्द गर्न लगाई जरिवाना पनि तिराउने व्यवस्था थियो ।

औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ४३ मा दर्ता नभई सञ्चालनमा रहेका उद्योगसँग क्षमताका आधारमा न्यूनतम ५ हजार रूपैयाँदेखि अधिकतम १ लाख रूपैयाँसम्म जरिवाना लिएर बन्द गराउने व्यवस्था छ ।

नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले निजीक्षेत्रले विगत लामो समयदेखि माग गरेको विषय सरकारले ल्याएको अध्यादेशबाट सम्बोधन भएको बताए । उनले उद्योग दर्तासम्बन्धी व्यवस्थाले गर्दा सबै खाले उद्योग औपचारिक नेटवर्कमा आउन सहज भएको जानकारी दिए ।

'दर्ता गरेरै व्यवसाय गर्नुपर्छ,' ढकालले भने, 'सरकारले समय नै दिएर विनादर्ता स्थापित तथा सञ्चालित उद्योगहरूलाई दर्ता हुन आउनू भन्नु निकै सराहनीय कुरा हो । सरकारी प्रणालीमा नभएकालाई प्रणालीभित्र ल्याउनुपर्छ ।'

नेपाल घरेलु तथा साना उद्योग महासंघले भने जरिवाना नतिरी दर्ता हुने मौका दिन आग्रह गरेको छ । महासंघका अध्यक्ष उमेशप्रसाद सिंह अहिले पनि मुलुकमा ठूलो संख्यामा उद्योगहरू दर्ता नभई सञ्चालनमा रहेको बताउँछन् । त्यस्ता साना तथा ठूला जुनसुकै आकारका भए पनि एकपटकका लागि जरिवानाविना नै दर्ता गर्ने मौका दिन माग गर्दै आएको उनको भनाइ छ ।

'सरकारले अध्यादेशमार्फत ऐन संशोधन गरेर जरिवाना लिएर उद्योग दर्ता गराउन सकिने व्यवस्था ल्याए पनि उद्योगीले उद्योग दर्ता गराउन चाहँदैनन्,' सिंहले भने, 'सरकारले सजिलै उद्योग दर्ता गराउने भने पनि प्रक्रिया निकै झन्झटिला छन् । एउटा उद्योग दर्ता गराउन ७ ओटा निकायमा धाउनुपर्छ ।'

उद्योग दर्ताका लागि वडा कार्यालयले सार्वजनिक मुचुल्कासमेत उठाएर सिफारिश गरेपछि सम्बन्धित कार्यालयमा जानुपर्ने उनको भनाइ छ । 'उद्योगको प्रकृति हेरेर सार्वजनिक सुनुवाइदेखि वातावरणीय प्रभाव मूल्यांकनलगायत ४ चरण पार गरेपछि मात्रै दर्ता हुन्छ,' सिंहले भने, 'जरिवाना तिर्न त वडा कार्यालयदेखि नै पर्छ । प्रतिशतका हिसाबले वडालाई र घरेलु कार्यालयलाई समेत जरिवाना तिर्नुपर्छ । यो प्रक्रिया पूरा गर्दासम्म उद्योगी थप निराश हुन्छन् ।'

लघु, साना तथा घरेलु उद्योगहरू धेरै संख्यामा दर्ता नभई सञ्चालन भइरहेका छन् । यस्ता उद्योगीहरूको छाता संस्था महासंघका अध्यक्ष सिंहले भने, 'अघिल्लो वर्ष तथ्यांक दिँदा साढे ४ लाख उद्योग विनादर्ता सञ्चालनमा थिए ।' महासंघका अनुसार दर्ता भएर सञ्चालनमा आएका लघु, घरेलु तथा साना उद्योगको संख्या ६ लाख ७८ हजार छ । दर्ता भएका तर नवीकरण नभएका उद्योग ५० प्रतिशतभन्दा बढी रहेको सिंहको भनाइ छ ।

'सरकारले हालसम्म सञ्चालन भएका तर सरकारको कुनै निकायमा दर्ता नभएका उद्योग र नयाँ उद्योगलाई पहिलोपटकका लागि कुनै शुल्क नलाग्ने गरी दर्ता गर्न पाउने व्यवस्था गर्नुपर्थ्यो,' सिंहले भने, 'यस्तो व्यवस्था नहुँदा व्यवसायी झन्झटिलो प्रक्रियामा जान चाहँदैनन्, त्यसैले यसबाट खासै लाभ लिन सक्ने अवस्था हुँदैन ।' महासंघमा ४ लाख यस्ता व्यवसायी सदस्य छन् ।


#### विनादर्ता चलेका उद्योग दर्ता हुनका लागि तिर्नुपर्ने जरिवाना

- लघु : रू ५ हजार
- घरेलु र साना : रू २५ हजार
- मझौला : रू ५० हजार
- ठूला : रू १ लाख

## ब्याज अनुदान नदिएपछि सहुलियतपूर्ण कर्जा घट्दो

अभियान संवाददाता

काठमाडौं




सरकारले विभिन्न सहुलियत कर्जामा ब्याज अनुदान भुक्तानी नगरेपछि बैंक, वित्तीय संस्थाबाट यो शीर्षकमा कर्जा प्रवाह घट्न थालेको छ । बैंक, वित्तीय संस्थाहरूले सरकारबाट ब्याज अनुदान नपाएसँगै नयाँ कर्जा स्वीकृत नगर्दा ऋणीको संख्यासँगै लगानीमा रहेको रकम समेत घट्दै गएको हो ।

नेपाल राष्ट्र बैंकको पछिल्लो तथ्यांकअनुसार चालू आर्थिक वर्ष २०८१/८२ को मङ्सिरसम्ममा १ लाख १३ हजार ऋणीले १ खर्ब ९ अर्ब रुपैयाँ सहुलियतपूर्ण कर्जा उपयोग गरिरहेका छन् । २०८१ असारमा बैंकहरूबाट १ लाख २० हजार जनालाई १ खर्ब २६ अर्ब रुपैयाँ कर्जा प्रवाह भएकोमा त्यसयताको ५ महीनामा ऋणीको संख्या ७ हजारले घट्दा कर्जा १७ अर्ब रुपैयाँले घटेको तथ्यांक छ ।

२०७९ असारमा सहुलियत कर्जा पाउने सर्वसाधारणको संख्या डेढ लाख हाराहारी पुग्नुका साथै कर्जा प्रवाह पनि २ खर्ब रुपैयाँ नाघेको थियो । त्यसयता यो सुविधा पाउनेको संख्या र ऋण प्रवाह घट्दो क्रममा छ ।

कृषि विकास बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द गुरुङका अनुसार सहुलियत कर्जा लगानीमा बैंकहरूले ब्याज अनुदानबापत पाउनुपर्ने रकमको बक्यौता नपाएपछि डेढ वर्षयता नयाँ कर्जा स्वीकृत नभएको जानकारी दिए ।


सहुलियत कर्जाको दुरुपयोग भएको भन्दै आलोचना हुन थालेपछि सरकारले पनि यसलाई प्राथमिकता दिएको छैन । अघिल्लो आर्थिक वर्षको बजेटमा कर्जाको प्रभावकारिता अध्ययनका आधारमा सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदानसम्बन्धी कार्यक्रमलाई पुनर्संरचना गर्ने घोषणा गरेको सरकारले चालू वर्षमा भने सहुलियतपूर्ण कर्जाको ब्याज अनुदानसम्बन्धी कार्यविधि पुनरवलोकन गर्ने घोषणा गरिएको छ । तर, हालसम्म यसको प्रक्रिया अघि बढ्न सकेको छैन ।

सहुलियत कर्जा वृद्धि भए पनि यो प्रभावकारी नदेखिएको तथा पहुँचवालाले यसको दुरुपयोग गरेको भन्दै आलोचना भइरहेको छ । राष्ट्र बैंकले गतवर्ष नै सहुलियत कर्जाको प्रभावकारिताबारे अध्ययन गरे पनि प्रतिवेदन सार्वजनिक गरेको छैन । सहुलियत कर्जा दुरुपयोग भएको भेटिएपछि राष्ट्र बैंकले चालू आर्थिक वर्षको दोस्रो त्रैमासमा मात्र १५ ओटा बैंक, वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत (सीईओ) हरूलाई कारबाही गरेको छ । राष्ट्र बैंक स्रोतका अनुसार उत्पादन बढाउनका लागि भनेर दिएको सहुलियतपूर्ण कर्जा घरजग्गा खरीद तथा व्यक्तिगत प्रयोजनमा दुरुपयोग भएको भेटिएको छ ।


सहुलियतपूर्ण कर्जाको लागि ब्याज अनुदानसम्बन्धी कार्यविधिअनुसार बैंकहरूले व्यावसायिक कृषि तथा पशुपन्छीपालन, शिक्षित युवा स्वरोजगार, विदेशबाट फर्केका युवाको परियोजना, महिला उद्यम, दलित व्यवसाय विकास, उच्च प्राविधिक तथा व्यावसायिक शिक्षा, भूकम्पपीडित निजी आवास निर्माण, कपडा उद्योग, प्राविधिक तथा व्यावसायिक र युवा स्वरोजगार गरी १० ओटा क्षेत्रमा कर्जा दिने व्यवस्था छ । यस्तो कर्जामा बैंकहरूले आफ्नो आधारदरमा अधिकतम २ प्रतिशत बिन्दुले थप गरी ब्याजदर निर्धारण गर्न पाउँछन् । त्यसमध्ये महिला उद्यमशीलता कर्जामा ६ प्रतिशत र अन्य कर्जामा ५ प्रतिशत अनुदान सरकारले दिने व्यवस्था छ । तर, ५ करोड रुपैयाँभन्दा बढीको व्यावसायिक कृषि तथा पशुपन्छी कर्जामा २ प्रतिशत मात्र ब्याज अनुदान दिने प्रावधान छ ।





नेप्से परिसूचक






सुन (तोला)




अमेरिकी डलर





काठमाडौंको असन बजारमा काउली खरीदविक्री गरिँदै । बजारमा अहिले काउलीको भाउ घटेको छ ।

*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

# बागलुङमा २६ करोड ४६ लाखको सुन्तला विक्री

बागलुङ । यस वर्ष बागलुङमा रू. २६ करोड ४६ लाख ५४ हजारको सुन्तला उत्पादन भएको छ । उत्पादनमा केही ह्रास आए पनि किसानले मूल्य भने गतवर्षको तुलनामा बढी पाएका छन् । गतवर्षको भन्दा यस वर्ष उत्पादन २८ मेट्रिकटनले कमी आए पनि मूल्य भने रू. एक करोड ८६ लाख ५४ हजार बढी परेको हो ।

कृषि ज्ञान केन्द्र, बागलुङका सूचना अधिकारी सन्तोष अधिकारीका अनुसार गतवर्ष जिल्लाभर चार हजार १०० मेट्रिकटन सुन्तला उत्पादन भएकोमा यस वर्ष घटेर चार हजार ७१ दशमलव ६ मेट्रिकटनमा झरेको छ । अघिल्लो वर्ष मूल्य प्रतिकिलो न्यूनतम रू. ६० रहेको थियो । यस वर्ष बढेर रू. ६५ पुगेको थियो ।



**जिल्लामा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी र गलकोट नगरपालिकामा सुन्तला उत्पादन हुने गरेको छ ।**

अघिल्लो वर्ष रू. २४ करोड ६० लाखको सुन्तला उत्पादन भएको थियो । पछिल्लो समय जिल्लामा सुन्तलाखेती विस्तार हुँदै गएको छ । यस वर्ष समयमा वर्षा नभएको र हिउँदे सिँचाइ पनि पर्याप्त नहुँदा उत्पादनमा कमी आएको सूचना अधिकारीले बताए । कृषि ज्ञान केन्द्रले सुन्तला उत्पादन किसानलाई प्राविधिक सहयोगसहित अनुदान दिने गरेको उनी बताउँछन् ।

उनले भने, 'अघिल्लो वर्षको तुलनामा सुन्तला उत्पादनमा कमी आयो, तर मूल्यका हिसाबले भने बढेको छ, किसानले यस वर्ष घाटा बेहोर्नु परेको छैन, थोरै भए पनि फाइदा नै लिनुभएको छ, यस वर्ष मूल्य बढेकाले पनि किसानले लाभ पाउनुभएको छ, अझै पनि किसानले सुन्तला बजार पठाइराख्नु भएको छ ।' कृषि ज्ञान केन्द्रका अनुसार जिल्लामा ६५५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती हुँदै आएको छ । त्यसमध्ये यस वर्ष ३७७ हेक्टरमा लगाइएका बोटले उत्पादन दिएका छन् ।

जिल्लामा बागलुङ नगरपालिका, काठेखोला गाउँपालिका, जैमिनी र गलकोट नगरपालिकामा सुन्तला उत्पादन हुने गरेको छ । काठेखोला किसान लोकनाथ कँडेलले यस वर्ष रू. १३ लाख ५० हजारको सुन्तला उत्पादन गरेको बताए । गतवर्षको भन्दा उत्पादनमा कमी आए पनि आम्दानी बढी भएको उनको भनाइ छ । आफूले पोहोर रू. ११ लाखको सुन्ताल विक्री गरेको उनले बताए । आफ्नो बगैंचामा ३०० बोट सुन्तला रहेको भन्दै उनले यस वर्ष २१० बोटले फल दिएको बताए । *रासस*

# गुणस्तरीय कृषि औजारको मापदण्ड बनाउन छलफल

काठमाडौं । गुणस्तरीय कृषि औजारको मापदण्ड बनाउन एशिया प्रशान्त क्षेत्रका देशको ११औं वार्षिक बैठक काठमाडौंमा जारी छ । एशिया प्रशान्त कृषि औजार परीक्षण सञ्जाल (एन्टम)मा यस क्षेत्रका २३ देश सदस्य छन् । २३ सदस्य देशमध्ये बैठकमा १९ देशका ५५ जना प्रतिनिधिको सहभागिता रहेको छ । आज (आइतवार)सम्म चल्ने बैठकले एशिया प्रशान्त क्षेत्रका देशमा गुणस्तरीय कृषि औजारका लागि कस्तो कानूनी व्यवस्था गर्ने भन्ने विषयमा छलफल भएको जनाइएको छ ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले कृषि क्षेत्रको आधुनिकीकरणका लागि कृषि औजारको भूमिका महत्त्वपूर्ण हुने भएकाले यस्ता सामग्री गुणस्तरीय हुन आवश्यक रहेको बताए । नेपालमा गुणस्तरीय




**कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव डा. गोविन्दप्रसाद शर्माले कृषि क्षेत्रको आधुनिकीकरणका लागि कृषि औजारको भूमिका महत्त्वपूर्ण हुने भएकाले यस्ता सामग्री गुणस्तरीय हुन आवश्यक रहेको बताए ।**

कृषि औजारको आयातका लागि मन्त्रालयले आवश्यक कानूनी प्रबन्ध गर्न लागेको जानकारी पनि उनले गराए ।

नेपाल कृषि अनुसन्धान परिषद्अन्तर्गतको नेपाल कृषि इञ्जिनीयरिङ अनुसन्धान केन्द्रका प्रमुख एवं आयोजक संस्था एन्टमका अध्यक्ष श्रीमद् श्रेष्ठले यो बैठकले २३ ओटै देशले मान्ने गरी गुणस्तरीय कृषि औजारसम्बन्धी मापदण्ड निर्माण गर्ने बताए । एउटा देशमा परीक्षण भएका कृषि औजारलाई एशिया प्रशान्त क्षेत्रका २३ ओटै देशले मान्यता दिने गरी कानूनी मान्यता दिने गरी मापदण्ड बन्ने उनको भनाइ थियो ।

नेपालमा गुणस्तरहीन कृषि औजारको आयातले दुई दिनमा एक जना कृषि यन्त्रका चालकको निधन हुने गरेकाले यस विषयमा सरकारले पनि गम्भीर भएर ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिइएको थियो । यो तथ्यांक नेपाल प्रहरीले उपलब्ध गराएको केन्द्रले जनाएको छ । *रासस*

# भूलक्ष्मी ग्रुप र लेक भ्यु अपार्टमेण्टबीच सम्झौता

चितवन (अस) । एयर कण्डिसनर विक्रेता भू-लक्ष्मी ग्रुप र बी एण्ड बी लेकभ्यू अपार्टमेन्टबीच सम्झौता भएको छ । दुई संस्थाबीच हालै एयर कण्डिसनर आपूर्ति गर्ने सम्बन्धमा सम्झौता भएको हो ।

पोखराको सेतीमा रहेका प्रिमियम र लक्जरी अपार्टमेन्टका ७१ ओटा युनिटका लागि आवश्यक पर्ने एयर कण्डिसनर आपूर्तिका लागि भूलक्ष्मी ग्रुपको तर्फबाट कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सीईओ) किरण आचार्य र बी एण्ड बी लेकभ्यू अपार्टमेन्टको तर्फबाट प्रबन्ध निर्देशक स्रोत विक्रम थापाले सम्झौतामा हस्ताक्षर गरेका छन् ।

टेस्ला ब्राण्डको एसीका लागि यो सम्झौता महत्त्वपूर्ण रहेको भूलक्ष्मी ग्रुपका सिईओ आचार्यले बताए । नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखराको लेकभ्यूमा बन्न लागेको अपार्टमेन्टका लागि टेस्ला एसी आपूर्ति गर्ने कार्य नमूना परियोजना रहने उनको भनाइ छ । अपार्टमेन्ट कम्पनीका



प्रबन्ध निर्देशक थापाले टेस्ला एसीको गुणस्तर र प्रविधिका कारण अपार्टमेण्टका लागि खरीद सम्झौता गरिएको बताए ।

# २७ लाख लगानीमा बनेको हाटबजार प्रयोगमा आएन

नवलपरासी । पश्चिम नवलपरासीको सरावल गाउँपालिका-३ स्थित भिमटाणीमा लुम्बिनी प्रदेश सरकारले २७ लाख रुपैयाँमा निर्माण गरेको हाटबजार प्रयोगमा आउन सकेको छैन । हाटबजारको भौतिक पूर्वाधार निर्माण सम्पन्न भएको चार वर्ष भयो तर सञ्चालनमा आउन नसकेको सरावल-३ स्थानीय लेखनाथ रायले बताए ।

उनका अनुसार निर्माणाधीन हाटबजारमा बजार लगाउने ठेकेदारले जग्गाधनीलाई वार्षिक २५ हजार रुपैयाँ भाडा दिने शर्तमा लुम्बिनी प्रदेश सरकारले दश कठ्ठा जग्गामा हाटबजार निर्माण गरेको हो । निर्माणाधीन जग्गा लेखनाथ रायको नाममा दर्ता छ ।

सोही वडामा डेढ बिघा सार्वजनिक जग्गा रहे पनि पूर्वउपाध्यक्षले सार्वजनिक जग्गामा नबनाएर आफ्नो व्यक्तिगत जग्गामा निर्माण गरेका थिए । हाटबजार एकान्तमा रहेकाले व्यापारीले त्यहाँ बजार लगाउन मानेका छैनन् । आफूले निर्माणाधीन हाटबजारमा खरीदविक्री शुरू गर्न भने पनि व्यापारीले त्यहाँ बजार नलगाएको सरावल-३ का वडाध्यक्ष फिरंगी चौधरीले बताए । *रासस*

**मल्ल होटलको वातावरणीय प्रभाव मूल्यांकन (EIA) अध्ययन प्रतिवेदनका लागि सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धि सूचना**

**(प्रकाशित मिति : २०८१/१०/२०)**

श्री होटल मल्ल प्रा.लि. द्वारा बागमती प्रदेश, काठामाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २६, लैनचौरमा संचालनरत मल्ल होटलको वातावरणीय प्रभाव मूल्याङ्कन (**EIA**) अध्ययन प्रतिवेदन तयारीको क्रममा आयोजना प्रभावित क्षेत्रमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्ने भएकाले तपसिल स्थान, मिति र समयमा उपस्थित भइ आफ्ना राय, सल्लाह, सुझाव दिनु हुन सम्बन्धित सबै प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका प्रभावित स्थानीय समुदाय, संघ, संस्था तथा सरोकारवाला व्यक्ति तथा निकायहरुलाई जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**
**स्थान** : मल्ल प्लाजा, मल्ल होटल, लेखनाथ मार्ग, लैनचौर काठामाडौं
**मिति** : मिति : २०८१/१०/२७
**समय** : बिहान ११ बजे

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
**NLG INSURANCE COMPANY LIMITED**
रजिष्टर्ड कार्यालय: पानीपोखरी ,लाजिम्पाट, पो.ब.नं.२०६०० काठमाडौं, नेपाल ।
फोन :४४४२६४६ , ४००६६४८ फ्याक्स: ९७७-०१-४४१६४२७
E-mail-info@nlgi.com.np |Web: www.nlgi.com.np
को

**संस्थापक तथा सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर बोलपत्रद्धारा बिक्री गर्ने बारेको सूचना ।**

एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडको हकप्रद शेयर बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा तपशिल बमोजिमको शेयरहरु बाँकी रहेको हुँदा उक्त शेयरहरु खरिद गर्न योग्य इच्छुक जो कोही व्यक्ति कम्पनी संघसंस्थाहरुले मिति **२०८१ साल माघ २७ गते** भित्र देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के-कति दर रेटमा लिन कबुल गर्नेहो सो समेत खुलाई गोप्य शिलबन्धी बोलपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

| बोलपत्रद्धारा बिक्री गरिने शेयरको विवरण | |
|---|---|
| संस्थापक समूहतर्फ : | सर्वसाधारण समूहतर्फ : |
| २९,९७७.३१ कित्ता | २९०,५५५.९१ कित्ता |

| सि. नं. | बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र)हरु : |
|---|---|
| १ | श्री लक्ष्मी सनराइज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ । |
| २ | श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड शाखा कार्यालयहरु: **कोशी प्रदेश:** विराटनगर शाखा (मुनलपाथ विराटनगर-५), **मधेश प्रदेश:** वीरगंज शाखा (लिंकरोड, घन्टाघर, वीरगंज), **गण्डकी प्रदेश:** पोखरा शाखा (न्यूरोड, पोखरा-८), **लुम्बिनी प्रदेश:** बुटवल शाखा (ट्राफिक चोक-६, बुटवल), **कर्णाली प्रदेश:** सुर्खेत शाखा (वीरेन्द्रनगर-६, गुड्डापथ, सुर्खेत), **सुदुरपश्चिम प्रदेश:** धनगढी शाखा (रातोपुल, मेनरोड, धनगढी) । |

**शिलबन्दी बोलपत्र पेश गर्ने सुरु मिति : २०८१ माघ २० गते**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१ माघ २७ गते**
**न्यूनतम मूल्य प्रति शेयर रु.१००/-**

अन्य विस्तृत जानकारीका लागि **मिति २०८१/१०/१३ गतेको "अभियान तथा कारोबार" राष्ट्रिय दैनिक**मा प्रकाशित सूचना हेर्नुहुन अनुरोध गर्दछौं ।

नोट: बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा संकलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराएपश्चात् खोलिने छ ।

**बिक्री प्रबन्धक**
L S CAPITAL
लक्ष्मी सनराइज क्यापिटल लिमिटेड
A Wholly Owned Subsidiary of Laxmi Sunrise Bank.
नयाँ बानेश्वर, काठमाडौं
फोन: ५९७००६४
Email : info@lscapital.com.np,
Website : www.lscapital.com.np

# उदिपुर पहिरो रोकथाम अन्तिम चरणमा

लमजुङ । लमजुङको उदिपुर देउरालीडाँडा पहिरो रोकथाम अन्तिम चरणमा पुगेको छ । डुम्रे-बैंसीसहर सडक खण्डअन्तर्गत लमजुङ बैंसीसहर नगरपालिका-१ उदिपुरमा पहिरो रोकथामका लागि निर्माण अझै २५ प्रतिशत बाँकी रहेको डुम्रे-बैंसीसीहर-चामे सडक योजना कार्यालयले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार हालसम्म टेवा, पर्खाल, ग्याबिन जाली लगाइएको र मर्स्याङ्दी नदीमा 'माइक्रो पाइल' निर्माण अन्तिम चरणमा पुगेको छ । यतिबेला पहिरो रोकथामका लागि मर्स्याङ्दी नदी किनारमा काम भइरहेको उनको भनाइ छ । ४५ मिटर उचाइ र ८० मिटर लम्बाइको ग्याबिन जाली लगाइएको छ ।

त्यस्तै, अब तीन सय मिटर सडक कालोपत्र र सडकमाथि ८० मिटर उचाइ, ७० मिटर लम्बाइको पहिरो 'नेलिङ' गर्ने काम र नाली निर्माण गर्न बाँकी रहेको सो कार्यालयका सूचना अधिकारी विष्टको भनाइ छ । कार्यालयका अनुसार संघीय सरकारको रू. ११ करोड १९ लाख बजेटमा फेवा कन्स्ट्रक्सन प्राइभेट लिमिटेड कास्कीले उक्त योजना ठेक्का लिएको छ ।

उक्त कम्पनीले २०७९ चैत १० गते सम्झौता गरेर



चैत १७ गतेदेखि काम थालेको थियो । यो योजना २०८१ पुस २९ गतेसम्ममा सम्पन्न गर्ने म्याद रहेको थियो । सो निर्धारित समयमा काम सम्पन्न नभएपछि पुनः म्याद थप गर्दै आगामी असोज महीनासम्म थप गरिएको सो कार्यालय सूचना अधिकारी विष्टले बताए । सो पहिरो माथि रहेको स्थानीय सडक भासिएर ढुंगा, माटो, गेग्रान झरेर काम गर्न समस्या लगायत विविध कारणले निर्माण लम्बिइरहेको उनको भनाइ छ । उनले भने, 'सडक तल मर्स्याङ्दी नदीमा पानीको बहाव बढी भएर पर्खाल लगाउन र सो स्थानमा पहिरो खस्ने गरेकाले नाली निर्माण, कालोपत्र गर्ने कार्यमा समस्या हुँदा समयमा काम सम्पन्न नभएको हो ।'

यस स्थानमा २०७८ असार १ गते र २०७९ साउन ११ गते गएको पहिरोले सडक बगाएको थियो । सडक बगाएपछि लामो समयसम्म वैकल्पिक रूपमा नेपाली सेनाको ब्यारेक, रिठ्ठेबगर हुँदै उदिपुर बजार जोडिने ट्र्याक खोलेर सवारी सञ्चालन भएको थियो । ४२ किलोमिटर लामो उक्त सडकको ठूलो पहिरोको रूपमा उदिपुर रहेको छ । यो सडक हुँदै बैंसीसहरबाट डुम्रे तनहुँ, काठमाडौं, पोखरा, चितवन र बैंसीशहरका साथै हिमाली जिल्ला मनाङ जाने यात्रु यात्रा गर्ने गर्दछन् । छिमेकी जिल्ला तनहुँको डुम्रे बजारबाट विसं २०२९ मा खन्न शुरू गरिएको यो सडक बैंसीशहरसम्म ४२ किलोमिटरसम्म जोड्न १५ वर्ष लागेको थियो। विसं २०४६ मा ट्र्याक खुलेसँगै विसं २०५२ देखि सिंगल लेनको कालोपत्र थालिएको थियो। चार वर्षमा ४२ किलोमिटर सडक कालोपत्र भएको थियो। *रासस*

**अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना**

**एयरटेक ईण्डष्ट्रिज प्रा.लि** द्वारा बिक्रि वितरण गरिदै आएका निम्न विवरणका मालवस्तुहरुको अधिकतम खुद्रा विक्रि मूल्य (**MRP**) सर्वसधारणलाई जानकारीको निमित यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पैठारीकर्ताको नाम, ठेगाना | स्थायी लेखा नम्बर | सामानको नाम | ब्राण्ड | मोडेल | क्षमता | अधिकतम खुद्रा विक्रि मूल्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Airtech Industries Pvt. Ltd. Thapathali, Kathmandu. | 500177714 | Air Condtioners | Mitsubishi Electric | PUHY-P200YKD.TH | 8HP | 702,000.00 | |
| 2 | | | | | PUHY-P350YKD.TH | 14HP | 939,000.00 | |
| 3 | | | | | PUHY-P400YKD.TH | 16HP | 971,000.00 | |
| 4 | | | | | PUHY-P450YKD.TH | 18HP | 1,100,000.00 | |
| 5 | | | | | PLFY-P32VEM-PA.TH | 1TR | 83,000.00 | |
| 6 | | | | | PLFY-P63VEM-PA.TH | 2TR | 100,000.00 | |
| 7 | | | | | PLFY-P125VEM-PA.TH | 4TR | 130,000.00 | |
| 8 | | | | | PLP-6EAR1 | PANEL | 22,000.00 | |
| 9 | | | | | PUHY-P500YKD.TH | 20HP | 1,119,000.00 | |
| 10 | | | | | PEFY-P63VMAL-E4.TH | 2TR | 107,000.00 | |
| 11 | | | | | PEFY-P125VMAL-E4.TH | 4TR | 161,000.00 | |
| 12 | | | | | PEFY-P140VMAL-E4.TH | 6TR | 180,000.00 | |
| 13 | | | | | PLFY-P25VFM-E1R1TH | 0.75TR | 86,000.00 | |
| 14 | | | | | SLP-2FALM2 | PANEL | 29,000.00 | |

**Note:** The above prices are inclusive of 13% VAT.

**Airtech Industries Pvt. Ltd.**
First Floor, Sharda Complex, Panchayan Marg
Thapathali, Kathmandu, Nepal Tel: 977-1-5319999

# पर्सामा ३८ हजार किशोरीलाई एचपीभी खोप लगाइने

वीरगञ्ज (अस) । पर्सा जिल्लामा पाठेघरको मुखमा हुने क्यान्सरविरुद्धको एचपीभी खोप अभियान माघ २२ गतेदेखि शुरू गरिने भएको छ । जिल्ला खोप समन्वय समिति पर्साले खोप अभियानबारे यस्तो जानकारी दिएको हो ।

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा. मुक्ति नारायण सिंहका अनुसार माघ २२ देखि फागुन ६ गतेसम्म यो अभियान सञ्चालन हुनेछ । सो अभियानअन्तर्गत ३८ हजार ५५७ बालिका र किशोरीलाई खोप लगाइने उनले बताए ।

विद्यालयमा कक्षा ६ देखि १० सम्म अध्ययनरत र विद्यालय नजाने १० देखि १४ वर्ष उमेरका किशोरीलाई खोप लगाइने समितिले जनाएको छ ।

खोप अभियान दुई चरणमा सञ्चालन गरिने भएको छ । पहिलो चरणमा माघ २२ देखि माघ २८ गतेसम्म वीरगञ्ज महानगरपालिकाका वडा नम्बर १ देखि १६, पर्सागढी र पोखरिया नगरपालिका, पटेर्वा सुगौली, जिराभवानी, सखुवा प्रसौनी र जगरनाथपुर गाउँपालिकामा खोप लगाउने तयारी छ ।

माघ ३० देखि फागुन ६ गतेसम्म वीरगञ्ज महानगरपालिकाका वडा नम्बर १७ देखि ३२, बहुदरमाई नगरपालिका, पकाहा मैनपुर, कालिकामाई, धोबिनी, बिन्दवासिनी, छिपहरमाई र ठोरी गाउँपालिकामा खोप लगाइने स्वास्थ्य कार्यालय पर्साका अधिकृत जयमोद ठाकुरले बताएका छन् । यसका लागि ३४५ खोप केन्द्र स्थापना गरिएको र ६९० भन्दा बढी स्वास्थ्यकर्मी परिचालन गरिने पनि उनले बताए ।




*तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान*

**काठमाडौंको भृकुटीमण्डपमा आयोजित 'फेमिली एन्ड बेबी एक्स्पो २०२५'मा अवलोकनकर्ताहरू । बालबच्चाका लागि आवश्यक पर्ने सबै किसिमका वस्तु तथा सेवा प्रदर्शनी तथा बिक्रीमा राखिएको मेला शनिवार सकिएको छ ।**

# चिसोको जोखिममा परेका समुदायलाई मेटलाइफको सहयोग

काठमाडौं (अस) । बढ्दो चिसो र कडा जाडोको अवस्थालाई सामना गर्न मद्दत गर्न मेटलाइफले सुनसरीका पछाडि पारिएका समुदायलाई न्यानो कपडा वितरण गर्न ग्रामीण महिला उत्सुकता विकास मञ्च (फरवार्ड नेपाल) मार्फत सहयोग गरेको छ । पुस र माघ महीनामा अत्याधिक चिसोको सामना गर्ने दुहवी नगरपालिका, बर्जु गाउँपालिका, गढी गाउँपालिका र इनरुवा नगरपालिकाका दलित तथा मुसहर समुदायलाई अत्यावश्यक राहत प्रदान गर्ने यस पहलको



उद्देश्य रहेको बताइएको छ ।

यी क्षेत्रमा धेरै चिसो र चुनौतीपूर्ण आर्थिक अवस्थाका कारण धेरै परिवारले दैनिक जीवन कष्टकर रूपमा बिताउँदै आएका छन् । यस कार्यक्रमले एक हजार ज्येष्ठ नागरिक र ५०० विधवालाई रू. ५ लाख बराबरको सहयोग गरिएको बताइएको छ । सहयोगबाट उनीहरूलाई चिसोबाट आवश्यक सुरक्षा प्रदान गर्ने तथा उनीहरूका कठिनाईलाई कम गर्दै उनीहरूको जीवनस्तरमा सुधार गर्न र उनीहरूको मनोबल र मर्यादा पुनर्स्थापित गर्ने लक्ष्य राखिएको बताइएको छ ।

मेटलाइफ नेपालका महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले आवश्यकता परेकाहरूको जीवनमा अर्थपूर्ण परिवर्तन ल्याउन प्रतिबद्ध रहेको बताए । 'फरवार्ड नेपालसँग साझेदारी गरेर, विशेष गरी यस चुनौतीपूर्ण समयमा हामीले सेवा गर्ने समुदायलाई समर्थन गर्ने हाम्रो समर्पणलाई पुनः पुष्टि गर्दैछौं,' उनले भने ।

## 'आइएमई गरौं, उद्यमी बनौं'का तीन विजेता छनोट

काठमाडौं । विदेशमा कमाएको रकम आइएमई गरी पठाएका तीन जना विजेता छनोट भएका छन् । 'आइएमई गरौं, उद्यमी बनौं' योजनाअन्तर्गत रोमानियाबाट ज्ञानेन्द्रप्रसाद गजुरेल, कुवेतबाट राजु लौपा मगर र मलेसियाबाट थानेश्वर थापा मगरले 'आइफोन १६' प्राप्त गरेका छन् । शुक्रवार काठमाडौंमा आयोजित एक कार्यक्रममा आइएमईका ब्राण्ड एम्बेसडर दीपाश्री निरौलाले लक्की ड्रमार्फत विजेता छनौट गरेकी थिइन् ।

योजनाको पहिलो चरणको मासिक उपहार अन्तर्गतको असोज, कात्तिक र मङ्सिर महिनाको आइफोन सिक्सटिनका विजेता छनोट गरिएको हो । आइएमईले विदेशमा कमाएको रकम औपचारिक माध्यम-रेमिट्यान्समार्फत रकम पठाउन र रेमिटमार्फत प्राप्त रकम उद्यममा लगाउन प्रोत्साहन गर्ने उद्देश्यले यो योजना गत असोजमा सार्वजनिक गरेको थियो ।

दोस्रो चरणको योजनाअन्तर्गत पुस २०८१ मा शुरू गरिएको 'आइएमई गरौं, उद्यमी बनौं' योजना साउन २०८२ सम्म रहनेछ, जसमा तीन जना भाग्यशाली विजेताले दोस्त पिक अप ट्रक जित्न सक्नेछन् । आइएमई गरी आइएमई पे वालेट, बैंक खातामा जम्मा गर्ने तथा आइएमई काउन्टरमा रकम पठाउने सेवाग्राही यो योजनामा सहभागी हुन सक्नेछन् । आइएमईले वैदेशिक रोजगारमा रहेका श्रमिक तथा विदेशमा स्वरोजगारमा रहेका सेवाग्राहीलाई औपचारिक माध्यमबाट रकम पठाउन उत्प्रेरकको रूपमा यो अफर ल्याइएको आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत दिवाकर पौडेलले जानकारी दिए ।

## मर्स्याङ्दी नदी जलविद्युत्मा कुमारी बैंकको अगुवाइमा लगानी




काठमाडौं (अस) । मर्स्याङ्दी नदीमा एमए पावर प्रालिले निर्माण गर्ने ९० मेगावाटको मर्स्याङ्दी नदी अर्धजलाशययुक्त जलविद्युत् आयोजनामा कुमारी बैंकको अगुवाइमा लगानी जुटेको छ ।

उक्त आयोजनामा कुमारी बैंकसहित प्रभु बैंक, सिद्धार्थ बैंक, कृषि विकास बैंक लगायतका बैंक तथा वित्तीय संस्थाको रू. १५ अर्ब १८ करोड ७५ लाख ऋण लगानी हुनेछ । कम्पनीका अध्यक्ष अनुप आचार्य र कुमारी बैंकका प्रमुख कार्यकारी अधिकृत रामचन्द्र खनालको उपस्थितिमा उक्त लगानीसम्बन्धी सम्झौता भएको हो ।

आयोजनामा अनुप आचार्य, हरिबाबु न्यौपाने र दिपक बरालको स्वपूँजी लगानी हुनेछ । साथै डोल्मा इम्पाक्ट फण्डले पनि कम्पनीमा ४९ प्रतिशतसम्म स्वपूँजी लगानी गर्न पूर्व आवश्यक 'ड्यु डिलिजेन्स स्टडी' अघि बढाएको बताइएको छ । समूहबाट हाल सेतीखोला हाइड्रोपावरमार्फत सेतीखोला जलविद्युत् आयोजना २२ मेगावाट निर्माण कार्य अन्तिम चरणमा रहेको छ । आयोजनाको नेपाल विद्युत् प्राधिकरणसँग कात्तिक १ गते विद्युत् खरीद बिक्री सम्झौता सम्पन्न भई २०८६ वैशाखमा २२ मा व्यापारिक उत्पादन शुरू गर्ने योजना राखेको छ ।

आयोजनाको वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन (ईआईए) स्वीकृतिका लागि सम्बन्धित निकायमा पेश भएको बताइएको छ । आयोजनाबाट उत्पादित विद्युत् विद्युत्गृहदेखि २२० केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत ११ दशमलव ६ किलोमिटर दूरीमा नेपाल विद्युत् प्राधिकरणको मार्किचोक सब-स्टेशनमा २२०/१३२ केभीमा जोडिने बताइएको छ ।

## उद्योग वाणिज्य संघ चितवनले मनायो स्थापना दिवस

चितवन (अस) । उद्योग वाणिज्य संघ चितवनले शनिवार विविध कार्यक्रम गरी को ६५औं स्थापना दिवस मनाएको छ । संघको सचिवालयमा औपचारिक कार्यक्रमबीच ६५ ओटा दीप प्रज्वलन गरी स्थापना दिवस मनाइएको हो ।

सो अवसरमा संघका अध्यक्ष सुमनकुमार श्रेष्ठले २०१६ सालमा स्थापित संघले यस क्षेत्रको सामाजिक आर्थिक र व्यावसायिक विकासका साथै संघमा आबद्ध सदस्यको आवश्यकतालाई ध्यानमा राखेर



कार्य गर्दै आएको बताए । संघका पूर्वअध्यक्ष महेन्द्रलाल प्रधानले नेपाल उद्योग वाणिज्य महासंघको स्थापना हुनुभन्दा पहिलानै परिकल्पना गरिएको यस संघले व्यवसायीको हक, हितको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गर्दै व्यावसायिक ऐक्यबद्धता जाहेर गर्दै आएको बताए । संघका पूर्व अध्यक्ष उत्तमलाल चुकेले संघले व्यवसायीको हक, हितका साथै चितवनलाई विकास गर्ने क्रममा भौतिक पूर्वाधार निर्माण गर्ने कार्यमा समेत अग्रणी भूमिका निर्वाह गरेको बताए । कार्यक्रममा चितवन महोत्सवमा योगदान पुऱ्याउने संघ संस्था लगायत व्यक्तित्वलाई सम्मान गरिएको थियो ।

## वीरगञ्जमा सिजी मोटर्सका ६ ईभी मोडल सार्वजनिक




काठमाडौं (अस) । चौधरी ग्रुपको सिजी मोटर्सले वीरगञ्जमा एकैसाथ विद्युतीय सवारीका ६ ओटा मोडल सार्वजनिक गरेको छ । सिजीले मधेश प्रदेशका लागि आधिकारिक विक्रेता मिनोल्टा इन्भेस्टमेन्ट प्रालिमार्फत ती सवारीसाधन बजारमा ल्याएको हो ।

वीरगञ्जमा आयोजित एक कार्यक्रमबीच विश्वस्तरीय ईभी गाडी सार्वजनिक गरिएको कम्पनीले बताएको छ । नेपालमा विद्युतीय सवारीसाधनको प्रवर्द्धन गर्ने उद्देश्य राखिएको कम्पनीका अधिकारीहरूले बताएका छन् । सिजीले नेटा एक्स, एवाटार ११, एक्सपेङ जी६, रिडारा आरडी६, आयोन भी र आयोन वाई मोडलका विद्युतीय गाडी बजारमा ल्याएको हो । यी सवारीसाधन पर्यावरणमैत्री र अत्याधुनिक प्रविधियुक्त भएको दाबी गरिएको छ ।

सिजी मोटर्सले नेपालका विभिन्न स्थानमा २१ भन्दा बढी सेवा केन्द्र र २४० भन्दा बढी चार्जिङ स्टेसन सञ्चालन गरेको बताएको छ ।

# खानीखोलाका बासिन्दा चार महीनादेखि त्रिपालमुनि

धुलिखेल । काभ्रेपलाञ्चोकको विकट डाँडापारिस्थित खानीखोला गाउँपालिका-६, चनौटे, नयाँ बस्तीका प्रकाश सिङतान चार महीनादेखि त्रिपालमुनि बस्दै आएका छन् । बागमती खोलाको बाढीले घरखेत बगाएपछि विस्थापित उनी बगरमा परिणत भएको घरखेत हेरेर बस्न बाध्य छन् ।

प्रकाशसँगै त्यहाँका ७ घर परिवार लुइँचे पाखामा त्रिपालको सहारामा बस्दै आएका छन् । गत असोज १० देखि १२ गतेसम्म परेको अविरल वर्षाका कारण बागमती खोलामा गएको बाढीले भएको घरखेत सबै बगाएपछि उनीहरू बिचल्लीमा परेका हुन् । भएको सबै सम्पत्ति बगाएपछि सिङतान परिवारले गाउँपालिका र सहयोग संस्थाले दिएको खाद्यान्न र लत्ताकपडाको सहायतामा गुजारा चलाइरहेको छ । अन्यत्र एक टुक्रा पनि आफ्नो जमिन नभएपछि अब सरकारले अन्त व्यवस्थापन नगरिदिएसम्म त्यहीँ बस्ने सिङतानले बताए ।

त्रिपालले बेरेको बासस्थान अगाडि ढुंगा गाडेर बनाएको चुलोमा छोरीलाई नुहाउन पानी तताइरहेकी सुकुमाया सिङतानको पीडा पनि कम छैन । भएको सबै अन्नपात र घर खेत बगाएपछि सोही टहराको सहारामा दिनहरू बिताइरहेकी उनले बाढीपहिरोबाट विस्थापित भएपछि निर्धक्क रूपमा बस्न र खाना-लाउन समस्या भएको बताइन् ।

बाढीले बगाएर घरबारविहीन भएपछि त्यहाँका बस्ती नै विस्थापित भएको छ । गाउँपालिकाले त्रिपाल, खाद्यान्न र ओढ्नका लागि कम्बललगायतको सामग्री उपलब्ध गराएपछि त्यसैको साहरामा दिन बिताउँदै आएको उनीहरूको भनाइ छ । पहिला घर भएको ठाउँमा अहिले बागमती खोला बगिरहेको छ । सो ठाउँका प्रकाश सिङतानलगायत भक्तबहादुर, बुद्धबहादुर, देवराज, साजन र विक्रम सिङतानका परिवार त्यही खोलाको मुस्लो पसेको चनौटे बस्ती हेर्दै खुला आकाशमुनि त्रिपालको बासमा आश्रय लिइरहेका छन् ।

बर्खामा बाढी आएर बगाउँला कि भन्ने र हिउँद लागेपछि हावाहुरीले उडाउने पो हो कि भन्ने पीरले सताउन थालेको उनीहरूले बताए । गाउँपालिका अध्यक्ष इन्द्रबहादुर थिङले विस्थापित परिवारको अन्य ठाउँमा एक टुक्रा पनि जमिन नभएको कारण जग्गाजमिनको व्यवस्थापन गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरिरहेको बताए । 'अहिलेको अवस्थामा सरकारले घर बनाउन बजेट दिए पनि उहाँहरूसँग एक टुक्रा पनि आफ्नो भन्ने जमिन छैन,' अध्यक्ष थिङले भने, 'जिल्ला प्रशासन र शहरी विकास तथा भवन विभागबाट जग्गाको व्यवस्थापन कस्तो छ भनेर पत्र आएपछि हामीले सामुदायिक वन क्षेत्रभित्र पर्ने तर रूख बिरूवा केही नभएको खाली जग्गा विकल्पमा हुन सक्छ भनेर सुझाव लेखेर पठाएका छौं ।'

अहिलेसम्म पनि संघीय सरकारको अस्थायी घर निर्माण गर्न दिने भनेको ५० हजार रुपैयाँ र स्थायी आवास निर्माणको जिम्मा लिएर काम गरेका कुनै पनि संघसंस्थाको सहयोग प्राप्त नभएको पालिकाले जनाएको छ । पालिकाभित्र ५० घरधुरी पूर्ण क्षति भएकामा ती घरपरिवारको लागि पनि कुनै व्यवस्थापन गर्न नसकेको अध्यक्ष थिङले बताए । गाउँले जीवन, सम्पत्तिको नाममा रहेको त्यही सानो घर, नजिकै वस्तुभाउ र केही अन्नपात राख्न बनाएको धनसार, अन्न उब्जाउ गर्ने बारी र खेत सबै बगाएपछि चनौटेका बस्ती नै विस्थापित भएको छ । *रासस*

## सूर्यज्योतिद्वारा सिरक तथा ज्याकेट वितरण




काठमाडौं (अस) । हाल देशमा बढिरहेको जाडोलाई ध्यानमा राखी सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले देशका विभिन्न स्थानमा 'जीवनको लागि न्यानो साथ' अभियान सञ्चालन गरी कम्बल तथा न्यानो कपडा वितरण गरेको छ । सूर्यज्योतिले आफ्नो मूलमन्त्रको रूपमा अवलम्बन गरेका सात तत्त्वमध्ये एक 'न्यानोपन'लाई आत्मसात गर्दै देशभर बढिरहेको चिसोको कहरबाट बच्न राहत पुऱ्याउने उद्देश्यले असहाय बालबालिका, वृद्धवृद्धा तथा विपन्न वर्गलाई ध्यानमा राखी सहयोगको शुरुआत गरेको बताइएको छ ।

कम्पनीले मधेशअन्तर्गत कलैयास्थित अमृता अनाथ आश्रम कलैयाका बालबालिकाका लागि २२ ओटा ज्याकेट र जनकपुरस्थित नारायण बाबा दलित जनजाति स्कुलका विद्यार्थीका लागि ४६ ओटा गरी ६८ ओटा न्यानो ज्याकेट वितरण गरेको हो ।

त्यस्तै कम्पनीले बागमती प्रदेशअन्तर्गत ललितपुरको पाटन सामुदायिक पुनःस्थापना संस्थासँगको सहकार्यमा अपांगता समस्या भएका बालबालिका तथा युवाका लागि ५० ओटा न्यानो ज्याकेट वितरण गरेको हो । कम्पनीले गण्डकी प्रदेशको बागलुङका काठेखोला गाउँपालिका-५, बिहुदहपानीस्थित बालग्राम आधारभूत विद्यालयका विद्यार्थीका लागि ८५ ओटा न्यानो ज्याकेट वितरण गरिएको बताइएको छ ।

कम्पनीले लुम्बिनीको कपिलवस्तु महाराजगंज नगरपालिका-१०, हदौना क्षेत्रका अति विपन्न ५०० परिवारलाई ५०० ओटा न्यानो सिरक वितरण गरेको थियो ।

# तराईसँग जोडियो ढोरपाटन

ढोरपाटन (बागलुङ) । अग्ला पहाड र थुप्रै जंघार पार गरेपछि पुग्न सकिन्छ ढोरपाटन । भौगोलिक विकटताका कारण पछाडि परेको ढोरपाटन अहिले विस्तारै सुगमतर्फ उन्मुख छ । एक दशक अगाडिसम्म गोरेटो बाटोमा पैदलयात्रा गर्ने पर्यटक अहिले कच्ची सडकमा भए पनि गाडीमा चढेर पुग्छन् । सडकले प्रकृति र ढोरपाटनको सुन्दरतासँग रमाउन आउने पर्यटकलाई सामान्य भए पनि सहज भएको छ । कच्ची सडकका कारण बागलुङको दोस्रो ठूलो व्यापारिक केन्द्र बुर्तिबाङ बजारबाट करीब दुई घण्टामा ढोरपाटन उपत्यका पुग्न सकिन्छ ।

राष्ट्रिय प्राथमिकताको आयोजना 'सालझण्डी-ढोरपाटन' सडकले ढोरपाटन उपत्यका जोडिएको छ । रूपन्देहीको सालझण्डीदेखि ढोरपाटन जोडिएपछि अब विकट क्षेत्रमा समृद्धि आउने आश पलाएको छ । २०६७ सालमा शुरू भएको सडक आयोजनाले ढोरपाटन उपत्यका जोडिएको हो । सडक आयोजनाको काम सुस्त गतिमा भए पनि ढोरपाटन तराईसँग सिधा जोडिएको छ । पहाडको एक कुनामा रहेको ढोरपाटन तराईसँग जोडिनु सिंगो बागलुङवासीका लागि ठूलो अवसर पनि हो ।

रूपन्देहीको सालझण्डीबाट शुरू भएको सडक पाल्पा, अर्घाखाँची, गुल्मी र बागलुङ गरी पाँच जिल्ला छिचोल्दै ढोरपाटन जोडिएको छ । सालझण्डीदेखि ढोरपाटनसम्म १९७ किलोमिटर रहेको यस सडक बागलुङमा मात्रै ६१ किलोमिटर पर्छ । बागलुङको निसीखोला गाउँपालिका र ढोरपाटन नगरपालिका जोडेको उक्त सडकले भारतीय पर्यटक भित्र्याउन महत्त्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।



**तराई र पहाडलाई जोडेको सालझण्डी-ढोरपाटन सडकले दुवै क्षेत्रमा उत्पादन हुने वस्तुको बजारीकरणमा टेवा पुग्ने ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताए ।**

तराई र पहाडलाई जोडेको सालझण्डी-ढोरपाटन सडकले दुवै क्षेत्रमा उत्पादन हुने वस्तुको बजारीकरणमा टेवा पुग्ने ढोरपाटन नगरपालिकाका उपप्रमुख धनबहादुर कायत (कल्याण)ले बताए । ढोरपाटनमा वर्षेनि करोडौंको आलु र स्याउ उत्पादन हुने तर सडकको अवस्था खराब हुँदा बजार पुऱ्याउन समस्या रहेको उनको भनाइ छ ।

निर्माण कम्पनीले सडक स्तरोन्नति नगर्दा यहाँ हजारौं नागरिक र पर्यटकले सास्ती खेप्नुपरेको भन्दै यसतर्फ माथिल्लो सरकारको ध्यान जान जरूरी रहेको उपाध्यक्ष कायत बताउँछन् । उनी भन्छन्, 'ढोरपाटन तराईसँग जोडिएको छ, यो हाम्रो लागि गौरवको विषय हो । यो सडक कालोपत्र भयो भने यहाँ आन्तरिक तथा बाह्य पर्यटकको भीड लाग्नेछ । यसै पनि ढोरपाटन चर्चित छ, भविष्यमा पर्यटनमार्फत नै यस क्षेत्रका नागरिकको जीवनस्तर उकासिन्छ भन्ने विश्वास छ । तराईसँग सिधै ढोरपाटन जोडिने हुँदा बसाइँसराइ पनि रोकिने छ ।'

ढोरपाटन नगरपालिका-९ का खिमबहादुर पुन मगरले पहिले आफूहरू पैदल हिँडेर ११ दिनमा बुटवल पुगेर नुन, चामल र लत्ताकपडा ल्याउने गरेको स्मरण गर्दै अहिले सडक आएपछि गाउँभरि पसल खुलेको बताए । पछिल्लो दुई दशकमा ठूलो परिवर्तन आएको र कच्ची सडकका कारण ढुवानी र यात्रा गर्न असहज भएको उनको भनाइ छ । आफूहरूले यसरी विकास होला भन्ने कल्पना नगरेको पुन मगर बताउँछन् ।

'बटौली पुगेर नुन बोकेको अस्ति भर्खर जस्तो लाग्छ, अहिले ऊ बेलाको जस्तो नुन, चामल ल्याउन बटौली जानुपर्दैन । अचेल त घरैअगाडि गाडी गुड्छन् । चाहिने सामान सबै यही ल्याउँछन्,' उनले भने, 'पहिले आलु, स्याउ र सिमी बिक्री हुँदैनथ्यो, अहिले गाडीमा हालेर बजार पठायो भने पैसा आउँछ । यो सडक (सालझण्डी-ढोरपाटन) पिच भयो भने सिधै तराईमा पठाउन सकिनेछ । तराईको उत्पादन पनि ढोरपाटनमा सहजै आउनेछ ।'

सालझण्डी-ढोरपाटन सडकले प्रसिद्ध धार्मिकस्थल लुम्बिनी र ढोरपाटन जोडेको हुँदा अब पर्यटक आगमन बढ्ने होटेल व्यवसासी गंगाबहादुर भण्डारीको अपेक्षा छ । तराई र पहाड ओहोरदोहोर गर्न यो सडक निकै छोटो हुने हुँदा व्यापारिक तथा अन्य गतिविधि बढ्ने उनले बताए । अहिले ढोरपाटन उपत्यकादेखि बुकी पाटन जाने पर्यटक कम भएको भन्दै सडक विस्तारपछि धेरै पुग्ने भण्डारी बताउँछन् ।

उनले भने, 'ढोरपाटन नेपालमा मात्र नभएर विश्वमै परिचित छ । वन्यजन्तुको सिकार खेल्न अहिले धेरै जसो विदेशी पर्यटक आउँछन् । सडकको सहजता बढ्दै गयो भने नेपालभरबाट सिकारीहरू यहाँ आउनेछन् । पर्यटकीय हिसाबले ठूलो सम्भावना बोकेको हुँदा केही वर्षपछि ढोरपाटन पर्यटकले गुल्जार बन्नेछ । लुम्बिनी, ढोर बराह दर्शन गरेर उत्तरगंगामा स्नान गर्ने तीर्थयात्री पनि बढ्नेछन् ।'

सालझण्डी-ढोरपाटन सडक आयोजानको काम कछुवा गतिमा हुँदा पर्यटक र स्थानीयले हैरानी खेप्नुपरेको छ । आयोजना शुरू भएको १४ वर्षमा ३० प्रतिशत मात्रै सकिएको छ । पहाडी जिल्लालाई तराईसँग जोड्नका लागि २०६७ सालमा शुरू भएको आयोजना द्रुत गतिमा अगाडि बढाउनुपर्ने भण्डारीले बताए । सिकार आरक्ष जोड्ने मुख्य बाटोको रूपमा रहेको उक्त सडक ट्र्याक खुलेदेखि स्तरोन्नति हुन सकेको छैन । सडक हालसम्म १८ किलोमिटर मात्रै कालोपत्र भएको छ । त्यसमध्ये रूपन्देहीमा साढे ४ किलोमिटर र अर्घाखाँचीमा साढे १३ किलोमिटर मात्रै कालोपत्र भएको सालझण्डी-ढोरपाटन सडक आयोजना कार्यालयका सूचना अधिकारी इन्जिनियर कृष्टिना थापाले जानकारी दिइन् । अहिले ५ ओटै जिल्लाको विभिन्न खण्डमा ग्राभेलिङसहितको काम भइरहेको उनको भनाइ छ । *रासस*

आर्थिक मन्दीको मुख्य विशेषता भनेको विश्वास हराउनु हो ।
**- लरेन्स समर्स**

सम्पादकीय

# विदेश जानेको लर्को

**विदेशिने नेपालीको संख्या बढिरहेको छ । यसलाई कतिपयले नकारात्मक रूपमा चित्रण गरेको पाइन्छ भने कतिपयले स्वाभाविक रूपमा लिनुपर्ने तर्क गरेका छन् । यसै सन्दर्भमा अध्यागमन विभागले सार्वजनिक गरेको २०२४ को तथ्यांकअनुसार यस वर्ष १६ लाख ७४ हजारभन्दा बढी विदेश गएका छन् । यो भनेको दैनिक औसतमा २३ सयभन्दा बढी हो । यसरी लर्को लागेर नेपाली विदेशिँदा त्यसको आर्थिक र सामाजिक क्षेत्रमा गम्भीर प्रभाव पारेको छ । खासमा यसले नेपालको जनसांख्यिक लाभको उपयोग देशको विकासमा हुन नसकेको र बिस्तारै यो अवसर नेपालले गुमाउँदै जाने सम्भावना बढेको देखाएको छ । त्यसैले यो प्रवृत्तिलाई कि त रोक्न सक्नुपर्छ कि त विदेश गएर शीप सिकेका र आर्थिक आर्जन गर्न सकेका नेपालीलाई नेपालमा लगानी गर्ने र नेपालमै फिर्ता हुने वातावरण बनाइनुपर्छ ।**

**एक वर्षमै ६६ हजारभन्दा बढी नेपाली स्थायी बसोवासका लागि विदेशिएका छन् । यद्यपि यो संख्या गतवर्षभन्दा झन्डै चार हजारले कम छ । यसरी स्थायी बसोवास गर्न जाँदा तिनले यताको सम्पत्ति अवैधानिक बाटोबाट लगेका हुन सक्छन् । यो प्रवृत्तिबाट पूँजी पलायन हुन सक्छ । यस सम्बन्धमा स्पष्ट अध्ययन भएको छैन । त्यसमा पनि उच्च दक्षतायुक्त जनशक्ति कत्तिको स्थायी बसोवासका लागि बाहिरिएका छन् भन्नेमा पनि ध्यान जानु आवश्यक छ ।**

**वैदेशिक रोजगारीमा जानुलाई पूर्णतया अनुपयुक्त मान्न नसकिए पनि नेपालबाट जाने अत्यधिक जनशक्ति अदक्ष वा अर्धदक्ष हुनु चाहिँ चिन्ताको विषय हो । यस्तो जनशक्तिले ठूलो मात्रामा विप्रेषण पठाउन सक्दैन । विदेश जानेमध्ये आठ लाख ५६ हजार वैदेशिक रोजगारीमा गएको देखिन्छ । यीमध्ये अधिकांशले विप्रेषण पठाउँछन् । त्यही विप्रेषण रकम नै नेपालको अर्थतन्त्रका**

**मुलुकबाट बाहिरिने लर्कोलाई रोक्न सकिन्न तर त्यसलाई कसरी नेपालको हितमा प्रयोग गर्न सकिन्छ भनेर नीति बनाउन भने अब ढिला गर्नु हुँदैन । स्थायी बसोवासका लागि गएका नेपालीलाई नेपालमा ल्याउन सकियो भने पूँजीमात्र होइन, प्रविधि पनि भित्रिन्छ ।**

**लागि सास हो । एक वर्षमा आठ लाख युवा काम गर्न गए पनि त्यसमा कतिपय बीचमा आएका र फेरि गएका छन् । त्यसो हुँदा प्रत्येक वर्ष ८ लाखभन्दा बढी युवा विदेशिएको भन्न मिल्दैन । तैपनि अदक्ष युवालाई विदेश जान रोक्नु अर्थतन्त्रका लागि लाभदायी हुन्छ । नेपालमै दक्ष र अदक्ष कामदारको अभाव हुँदा अर्थतन्त्रमा असर परेको छ । कतिपय क्षेत्रमा भारतीय र बंगलादेशी कामदार प्रयोग गर्नु परिरहेको छ । त्यसैले नेपालबाट भारततर्फ ठूलो रकम विप्रेषणका रूपमा गइरहेको छ । यद्यपि यसको सही तथ्यांक भने पाइँदैन । विदेशिनेमध्ये १ लाखभन्दा बढी अस्थायी बसोवासका लागि विदेशिएका छन् । ती पनि एक प्रकारको स्थायी रूपले देश छाड्नेमै पर्छन् ।**

**पुग न पुग ३ करोड जनसंख्या भएको मुलुकका लागि विदेशिनेको यो संख्या चानचुने होइन । तर, यो संख्या हेरेर नीतिनिर्माताले नीति बनाउनतिर ध्यान नदिएको हो कि भन्ने देखिन्छ । विदेशमा जानेलाई स्वदेश फर्काएर नै मुलुकको विकास हुन्छ भन्न नजिकका छिमेकी चीन र भारत नै पर्याप्त छन् । तर, ती देशले जस्तो नेपालले अवसर दिन नसक्ला । तैपनि स्थीर नीति र आत्मविश्वास जगाउन सक्ने सरकार बनेर देशले एउटा गति समातेमा धेरै नेपाली स्वदेश फर्कन र नेपालमा लगानी गर्न तयार देखिन्छन् । तिनलाई नेपालमा ल्याउन सकियो भने पूँजीमात्र होइन, प्रविधि पनि भित्रिन्छ ।**

**त्यस्तै, गैरआवासीय नेपालीलाई आवासीय नेपालीसरह लगानीको सुविधा दिन सकिन्छ कि सकिँदैन भन्नेमा अध्ययन गरेर त्यसतर्फ पनि सोच्नु उपयुक्त हुन्छ । गैरआवासीय नेपालीलाई केही अधिकारसहितको नागरिकता दिन थालिएको छ । यसबाट मुलुकले लाभ लिन सक्नु पर्छ । जेहोस्, मुलुकबाट बाहिरिने यो लर्कोलाई रोक्न सकिन्न तर त्यसलाई कसरी नेपालको हितमा प्रयोग गर्न सकिन्छ भनेर नीति बनाउन भने अब ढिला गर्नु हुँदैन ।**

आर्थिक अभियान

१० वर्षअघिको आर्थिक अभियानबाट

## सेवा क्षेत्रमा ६ प्रतिशत लगानी वृद्धि

गत आर्थिक वर्ष २०६८/६९ को असोज महीनाको तुलनामा चालू आवको सोही अवधिमा सेवाक्षेत्रमा लगानी ५ दशमलव ९ प्रतिशतले बढेको छ । आव २०६८/६९ मा यस्तो लगानी शून्य दशमलव ५ ले बढेको थियो । यस अवधिमा दशैंतिहारजस्ता चाडपर्व पर्नुका साथै भ्रमणका लागि उपयुक्त मौसम भएकाले अन्य महीनाको तुलनामा केही वृद्धि हुने एक बैंकका प्रमुख कार्यकारी अधिकृतको तर्क छ । अन्य महीनाको तुलनामा असोजदेखि लगानी बढ्नुलाई स्वाभाविक नै मान्नुपर्ने सरोकारवालाहरू बताउँछन् । उक्त अवधिमा पर्यटक बढ्ने भएकाले होटल, यातायात, ट्रेकिङ एजेन्सीलगायत क्षेत्रमा लगानी बढ्ने उनीहरूको तर्क छ ।

गत आवको असोज मसान्तमा सेवाक्षेत्र (पर्यटन, होटल, विज्ञापन एजेन्सी, मोटरगाडी मर्मतसम्भार, अस्पताल आदि)मा बैंक तथा वित्तीय संस्थाको कर्जा प्रवाह (लगानी) रू. ५२ अर्ब ६ करोड रहेकोमा चालू आवको सोही अवधिमा बढेर रू. ६३ अर्ब ३५ कारोड पुगेको राष्ट्र बैंकद्वारा सार्वजनिक चालू आवको असोज महीनाको वित्तीय विवरणमा उल्लेख छ । चालू आवको असोज मसान्तसम्ममा बैंक तथा वित्तीय संस्थाको कुल लगानी रू. ८ खर्ब ३६ अर्ब ७० करोड रहेकोमा त्यसको करीब ८ प्रतिशत कर्जा सेवाक्षेत्रमा प्रवाह भएको छ । त्यसमध्ये पनि होटल क्षेत्रमा सबैभन्दा बढी करीब २३ प्रतिशत र स्वास्थ्य क्षेत्रमा करीब १४ प्रतिशत कर्जा प्रवाह भएको छ । गत आवको सोही अवधिको तुलनामा होटल क्षेत्रमा लगानी केही घटेको छ भने स्वास्थ्य क्षेत्रमा सामान्य बढेको छ ।

**वर्ष ८, अंक ८८, शुक्रवार २९ मङ्सिर, २०६९**

# प्रस्तावित पर्यटन नीतिमा के छ फरक ?

## रूपान्तरणको छैन ठोस आधार

सरकारले पर्यटन क्षेत्रको विकासका लागि पर्यटन नीति २०८१ ल्याउने तयारी थालेको छ । सरकार फेरिएपिच्छे पर्यटनमा नयाँ नयाँ कार्यक्रम आउने तर कुनै पनि कार्यक्रम लागू नहुने सन्दर्भमा यो पर्यटन नीतिको औचित्य र यसको प्रभावकारितामा प्रश्न उठ्नु अन्यथा होइन । २०६५ को २० वर्षे रणनीति चालू रहँदा नै नयाँ पर्यटन नीतिको मस्यौदा सार्वजनिक गरेर सरकारले सरोकारवालाहरूसँग सुझाव माग गरेको छ । प्रस्तावित नीति अघिल्लो नीतिभन्दा संक्षिप्त देखिन्छ भने यसमा कार्ययोजनासमेत राखिएको छ । तर, पर्यटन क्षेत्रमा रूपान्तरणकारी संरचना बनाउने, भएका संरचनाको पुनःसंरचना गर्ने तथा पर्यटकीय क्षेत्रमा तात्त्विक परिवर्तन ल्याउने खालको कुरा भने खासै देखिएका छैनन् । सरकारले कृषि, शिक्षालगायतका क्षेत्रमा यस्तो बहुवर्षे रणनीति बनाउने गरेको छ र त्यसले कागजी आशा जगाउने बाहेक विशेष काम गरेको देखिँदैन । यो पर्यटन २०८१ पनि त्यसैको निरन्तरता हो भन्ने देखिन्छ । तर, यसमा विशेष विमर्श गरेर यसलाई विशिष्टीकृत बनाउन सकिन्छ । त्यसका लागि सरकार तयार हुनुपर्छ, निजी क्षेत्रलाई पत्याउनुपर्छ । बजेट सक्ने खालको अनुसन्धान र छलफलले परिणाम दिँदैन । पर्यटन क्षेत्रमा नीतिभन्दा पनि यसको परिणाम दिन सक्ने नेतृत्व आवश्यक छ जसले नेपालको पर्यटनलाई पुनःब्रान्डिङ गर्न सकोस् र नयाँ उचाइमा लैजान सकोस् ।



**धेरै निकाय, धेरै नीति, धेरै अपेक्षा, त्यसमा पनि अस्थिरता भयो भने त्यो सबै कागजी काममात्रै हुन्छ । त्यसैले नीतिलाई चुस्त र कार्यान्वयनयोग्य बनाउनु आवश्यक छ ।**

***- भीम पन्त***

### नीतिगत लक्ष्य र कार्यक्रम

प्रस्तावित नीतिमा पर्यटनको भिजनका रूपमा अद्वितीय पर्यटकीय गन्तव्य नेपाल भन्ने नारा लिएको देखिन्छ । यसको उद्देश्य संख्याभन्दा पनि कुल गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदान बढाउने रहेको छ । पर्यटनमा विविधीकरण गरेर नयाँ उपज निकाल्दै गुणस्तरीय र पर्यटन पूर्वाधार बनाउनुलाई नीतिले उद्देश्यका रूपमा लिएको छ । सम्भावित र उदीयमान पर्यटन क्षेत्रको अन्वेषण तथा अध्ययन अनुसन्धान गर्ने, विद्यमान पर्यटन उपजको स्तरोन्नति र विकास गर्ने, पर्यटकीय गन्तव्य र उपजको विविधीकरण गर्ने, गुणस्तरीय र पर्यटकमैत्री पूर्वाधार निर्माण गर्ने, पर्यटन सेवामा पहँचवृद्धि गर्ने, लगानी प्रवर्द्धन गर्ने, स्रोत बजारमा प्रचार प्रसार गर्ने, गैरआवासीय नेपाली र कूटनीतिक क्षेत्रसँग सहकार्य गर्ने, अन्तरराष्ट्रिय सेवा प्रदायकसँग सहकार्य गर्ने, पर्यटकीय गतिविधि वातावरणमैत्री बनाउने, पर्यटनमा जोखीम कम गर्ने, पर्यटनबाट प्राप्त लाभको समन्यायिक वितरण गर्ने कार्यनीति अवलम्बन गर्ने प्रस्ताव गरिएको छ । यस्तो उद्देश्यमा कुनै नयाँपनको आभास हुँदैन । विद्यमान पर्यटनका प्रडक्ट र चर्चामा आएका कुरालाई नै यसले समेटेको छ । थिम पार्कलगायत केही क्षेत्रमा लगानीको कुरा उल्लेख गरिएको छ तर त्यो कसरी भन्ने स्पष्ट छैन । यो नीति बनाउँदा व्यावहारिकता हेरिएको छैन भन्नका लागि विद्यालय तहमा नै पर्यटनका विषय पढाउने भन्ने बुँदाले स्पष्ट पार्छ । त्यस्तै नाथमलाई स्तरीय बनाउने अमूर्त कुरा नीतिमा उल्लेख छ । नयाँ संस्था खोलेर पर्यटन प्रडक्टमा नयाँपन ल्याउने कुरा भने उल्लेख छैन । हिमाल आरोहीलाई उच्च सम्मानका साथ प्रमाणपत्र दिने, सगरमाथा चढ्नु अघि नेपालकै केही हिमाल आरोहण गर्न अनिवार्य गर्ने, ग्रेट हिमालय ट्रेल पूरा गर्नेलाई विशेष सम्मान दिने जस्ता केही मौलिक तर साना कार्यक्रमले पार्ने असरबारे नीति मौन देखिन्छ । गुणस्तरीय पर्यटनमा जोड दिइएको छ तर त्यसअनुसार कुन कुन प्रडक्टमा आगामी बीस वर्ष तालिकाबद्ध योजना बारे उल्लेख छैन । २० वर्ष भनेको एउटा युग हो । २०६५ को नीतिले लक्ष्य हासिल गर्न नसकेको सन्दर्भमा नयाँ नीतिले तालिकाबद्ध योजना बनाउन आवश्यक थियो । कम्तीमा पनि पाँच वर्षका लागि यो यो गर्ने भनेर विशेष केही परियोजना पनि उल्लेख गरिएको भए हुन्थ्यो । हुन त आवधिक योजनामा यो कुरा परेको छ । तर पर्यटन नीति र कार्यक्रमलाई एकद्वारमा लैजाने गरी यो नीति बन्न सक्ने देखिँदैन ।

### राष्ट्रिय पर्यटन परिषद्को पुनः संरचना खै ?

राष्ट्रिय पर्यटन परिषद्को विद्यमान संरचनालाई नै नयाँ नीतिमा पनि निरन्तरता दिइएको छ । यस नीतिको कार्यान्वयनका लागि मार्गदर्शन गर्न, अन्तरनिकाय तथा अन्तरतह समन्वय गर्न प्रधानमन्त्रीको अध्यक्षतामा राष्ट्रिय पर्यटन परिषद् गठन हुने व्यवस्था गरिएको छ । समितिको बैठक वर्षमा कम्तीमा एक पटक बस्ने र समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्ने उल्लेख छ । पर्यटनको मुख्य लय के हुने र केकस्ता कुरालाई प्राथमिकता दिने भन्नेमा परिषद् छलफल गरेर नीति तय गर्ने थलो यो बन्न सक्छ । तर, सरकारले यसलाई महिमामण्डित बनाउनका लागि अध्यक्षमा प्रधानमन्त्री रहने र सबैजसो मन्त्रीहरू सदस्य हुने व्यवस्था गरेको होला । यसमा प्रधानमन्त्रीलाई अध्यक्ष राख्नु नै यसको विफलताको कारण हो । प्रधानमन्त्री अध्यक्ष रहने परिषद्, प्रतिष्ठान र विश्वविद्यालयजस्ता संस्था ३ दर्जनजति छन् । यी सबैमा प्रधानमन्त्रीको भूमिका आलंकारिक मात्रै हो । प्रधानमन्त्री कार्यकारी भएकाले यस्तो समितिमा उहाँलाई सीमित गर्नु भनेको प्रधानमन्त्रीको कार्यबोझ अर्थात् बैठकमा अल्झाउने काम मात्रै हो । खासमा नेपालमा सरकारले कामै नगर्ने भएकाले फुर्सदिला देखिएर यस्तो काममा भाषण गर्ने जिम्मेवारीमा रमाएका हुन् । कुनै बेला काम गर्ने प्रधानमन्त्री आए पनि यस्ता समिति तिनका लागि बोझ बन्ने निश्चित छ । त्यसैले यस्ता खाले सबै संस्थामा प्रधानमन्त्रीलाई राख्नु हुन्न । परिषद्को बैठक यस अवधिमा कतिपटक बस्यो होला ? यसले नै यस्तो समितिमा प्रधानमन्त्री र मन्त्री राख्नुलाई बोझमात्रै हो भन्न सकिन्छ । बरु त्यसमा पर्यटन क्षेत्रका विज्ञ, व्यवस्थापक, पर्यटनकर्मी, तिनका संगठनका प्रमुख रहने र यसले पर्यटन नीति निर्माणको काम गर्ने हो भने बढी परिणाम दिन सक्छ । अन्तरसरकारी समन्वयका लागि मन्त्री नै राख्नुपर्छ भन्ने छैन किनभने राख्दा पनि त्यसमा कुनै समन्वय देखिएको छैन ।

**पर्यटन यसै पनि विभिन्न मन्त्रालयसँग सम्बन्धित हुन्छ । त्यसैले सबैले पर्यटनलाई प्राथमिकतामा राख्न आवश्यक छ । परिषद्मा प्रधानमन्त्रीलाई अध्यक्ष बनाउँदैमा समन्वय हुने होइन । त्यो त कार्य संस्कृति हो ।**

परिषद्सँग पर्यटनसम्बन्धी नीतिगत मार्गदर्शन गर्ने जिम्मेवारी रहेको छ । पर्यटनसम्बन्धी योजना तथा विकासका कार्यको समीक्षा गर्ने स्थायी संयन्त्रका रूपमा यसलाई तयार पार्न सकिन्छ । त्यस्तै परिषद्लाई अनुसन्धान एकाइका रूपमा विकसित गर्न सकिन्छ । यसका सुझावलाई संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, विभाग, बोर्ड आदिले कार्यान्वयन गर्ने सुनिश्चित गरिनुपर्छ । परिषद्लाई पर्यटनको नीति निर्माणमा माथिल्लो निकाय बनाउन सकिन्छ तर पदेन सदस्यको भारी बोकाएर सम्भव छैन । त्यसैले यो व्यवस्था हटाउनु उपयुक्त हुन्छ ।

### राष्ट्रिय पर्यटन समन्वय समिति

यस नीतिको कार्यान्वयनमा सहजीकरण र अनुगमन गर्न, अन्तरनिकाय तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्न राष्ट्रिय पर्यटन समन्वय समिति रहने व्यवस्था गरिएको छ । नीति कार्यान्वयनमा सहजीकरण र अन्तर निकाय समन्वय गर्ने, नीतिको परिमार्जनका लागि मन्त्रालयसमक्ष सुझाव पेश गर्ने, नीति कार्यान्वयनको अनुगमन र पृष्ठपोषण प्रदान गर्ने, नीति कार्यान्वयनका लागि वार्षिक कार्ययोजना स्वीकृतिका निम्ति सम्बन्धित निकायसमक्ष सिफारिस गर्ने व्यवस्था नीतिमा उल्लेख छ । यो परिषद्कै जस्तो संरचना हो र यो दोस्रो तहको हो भन्ने देखिन्छ । राष्ट्रिय पर्यटन समन्वय समितिमा पर्यटनमन्त्री अध्यक्ष, सबै प्रदेशका पर्यटनमन्त्री, मन्त्रालयहरूका सचिव, नाट्टा, हान आदि पर्यटनसम्बद्ध संस्थाका अध्यक्ष सदस्य रहने व्यवस्था छ । यसले औपचारिकता बढाउने र सरकारी काममा तह थप्ने तर परिणाम नदिने अवस्थामात्रै सृजना गर्छ । यस्तो संरचनाले कुनै पनि परिणाम नदिएको हुँदा त्यसको विकल्प सोच्नु आवश्यक हुन्छ ।

### अनुगमन, मूल्यांकन तथा नीति पुनरवलोकन

मन्त्रालयले नीति कार्यान्वयनको सूचक तयार गरी अनुगमन गर्ने र राष्ट्रिय योजना आयोगबाट तयार गरिएको अनुगमन तथा मूल्यांकन, दिग्दर्शन २०७४ बमोजिम अनुगमन गरिने नीतिमा उल्लेख छ । मन्त्रालयले नीति कार्यान्वयनको वार्षिक प्रगति प्रतिवेदन तयार गरी वेबसाइटमार्फत सार्वजनिक गर्ने, प्रदेश र स्थानीय तहले आआफ्नो कार्यक्षेत्रको अनुगमन र मूल्याङ्कनका आधारमा वार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्नुपर्ने र मन्त्रालयले नीति प्रारम्भ भएको दश वर्षपछि पुनरवलोकन गर्ने उल्लेख छ । यी सबै व्यवस्था सरकारी कर्मकाण्डका निरन्तरताबाहेक अन्य केही पनि देखिँदैन । खासमा पर्यटन निजी क्षेत्रको तत्परतामा चलेकाले सरकारले मुख्य नीति तय गर्ने र त्यसअनुसार पूर्वाधारमा लगानी गर्ने हो । नियमनको व्यवस्था गरेर निजी क्षेत्रलाई पूर्ण प्रतिस्पर्धा गर्न छाडिदिने हो । तर, निजी क्षेत्रको भूमिकालाई सरकारले काम आँकेको देखिन्छ भने सरकारले गर्नुपर्ने काम बढी लेखिएको छ जुन वास्तवमा निजी क्षेत्रले गर्छ । त्यसैले सरकारले बीस वर्षमा केके काम गरिसक्छ भन्ने उल्लेख भएमा निजी क्षेत्रले प्रडक्ट आफै तयार पार्छ । जस्तै निजगढ विमानस्थल दश वर्षभित्र बनाइसक्ने हो भने त्यसअनुसार निजी क्षेत्रले सम्भावित क्षेत्र खोजेर लगानी गर्छ । पोखरा र गौतमबुद्ध विमानस्थल बने पनि सरकारले त्यहाँ सबै सरकारी सेवा उपलब्ध नगराएकैले यो चल्न नसकेको देखिन्छ । यसले गर्दा निजी क्षेत्रको लगानी पनि खेर गएको छ ।

### कार्य योजनाअनुसार काम होला ?

नीति कार्यान्वयन कार्य योजना बनाइएको छ तर त्यसअनुसार काम होला भन्न सकिँदैन । ३ महीनाभित्र परिषद् समिति गठन भइसक्ने, १ महिनाभित्र नीति छापेर वितरण गर्ने जस्ता काम हुन सक्छन् । पर्यटन बोर्डलाई पर्यटकीय उपजको वर्गीकरण गर्न ६ महिना समय दिइएको छ । पर्यटनसँग सम्बन्धित मापदण्ड र आचार संहिता निर्माण १ वर्षभित्र गरिसक्ने भनिएको छ र पर्यटन बोर्ड र निजी क्षेत्रलाई यो जिम्मेवारी दिइएको छ । टुरिजम स्याटेलाइट एकाउन्ट एक वर्षभित्र तयार पार्ने उल्लेख छ । यी सबै काम हुन खासै समस्या देखिँदैन किनभने यी कागजी हुन् । तर, विगतको गति हेर्दा यस्ता काममा पनि वर्षौं नलाग्ला भन्न सकिन्न । नियमित रूपमा भइरहेका कतिपय कार्यनीति चाहिँ केही ढिला भए पनि कार्यान्वयन हुन्छ । तर, तिनले पर्यटनमा तात्त्विक अन्तर भने ल्याउँदैनन् । नेपालमा पर्यटनलाई उच्च प्राथमिकता दिनुपर्नेमा त्यसअनुसार नीति छैन । सरकारी संयन्त्रले काम गरेको छैन । पर्यटन यसै पनि विभिन्न मन्त्रालयसँग सम्बन्धित हुन्छ । त्यसैले सबैले पर्यटनलाई प्राथमिकता राख्न आवश्यक छ । परिषद्मा प्रधानमन्त्रीलाई अध्यक्ष बनाउँदैमा समन्वय हुने होइन । त्यो त कार्य संस्कृति हो । त्यसैले पर्यटन नीतिमा गन्तव्य र प्रडक्टसम्बन्धी एउटा संस्था र नीति, प्रवर्द्धन र सेवा प्रवाहसम्बन्धमा अर्को संस्था भए उपयुक्त हुन्छ । पर्यटन विभागलाई पहिलो काम दिन सकिन्छ भने दोस्रो काम बोर्डलाई दिन सकिन्छ । तर, बोर्ड कि त पूर्ण स्वायत्त हुनुपर्छ कि त निजी क्षेत्रलाई जिम्मा दिनुपर्छ । उनीहरूले तिरेको रकमबाट बोर्ड चल्ने भएकाले यसलाई परिषद्को मातहत ल्याउनुपर्छ र परिषद्मा निजी क्षेत्र र विज्ञहरूमात्रै हुने व्यवस्था गर्न सकिन्छ ।

सरकारले सरकारी जग्गाजमिन वा कुनै खास पर्यटकीय क्षेत्र प्रतिस्पर्धा र पारदर्शिताका लागि दीर्घकालीन योजना बनाएर निजी क्षेत्रलाई लिजमा दिने व्यवस्था गर्न सकिन्छ । मानौं रारा तालको पर्यटन बारे स्पष्ट नीति बनाएर त्यसमा नियमनको स्पष्ट खाकाका साथ प्रतिस्पर्धा गराएर निजी क्षेत्रलाई लिजमा दिन सकिन्छ । राष्ट्रिय सुरक्षासँग सम्बन्धितबाहेक अन्य क्षेत्र यसरी निजी क्षेत्रलाई दिँदा स्थानीयले अत्यधिक लाभ पाऊन् भन्ने नीति पनि लिइनुपर्छ । तर, नेपालमा कुनै आयोजना बन्न आँट्यो भने जसरी पनि आफ्नो फाइदा हेर्ने र परियोजनाको सफलतालाई बेवास्ता गर्ने प्रवृत्ति छ । यस्तो सोचमा पनि परिवर्तन आवश्यक छ ।

### पर्यटन नीति २०६५ बाट के सिक्ने ?

पर्यटन नीति २०६५ अहिलेको भन्दा विस्तृत देखिन्छ तर करिब करिब अन्तर्वस्तु उस्तै छन् । सरकारले यसको पुनरवलोकन अध्ययन गरेको छ । त्यसमा पर्यटन नीति, २०६५ कार्यान्वयनको अवस्था निराशाजनक भएको उल्लेख छ । पर्यटन नीति कार्यान्वयन अपेक्षित रूपमा हुन सकेको देखिन्न । यसका १६ वटा नीतिमध्ये २ पूरा कार्यान्वयन भएका, ३ वटा ६० देखि ६५ प्रतिशत कार्यान्वयन भएका, ६ वटा नीति ३० देखि ४५ प्रतिशतसम्म कार्यान्वयन भएका, ४ वटा नीति २७ प्रतिशतभन्दा कम र एउटा नीतिको कार्यान्वयन शून्य भएको अध्ययनमा उल्लेख छ । त्यसैले नीति कार्यान्वयनको यो अवस्था निराशाजनक मान्नुपर्ने हुन्छ । सरकारले नै यस सम्बन्धमा अध्ययन गराएको छ । त्यसअध्ययनले आगामी पर्यटन नीतिका लागि केही सुझाव दिएको छ जसमध्ये केही सुझाव व्यावहारिक छन् । ती सुझाव मनन गर्नुपर्छ । तर प्रस्तावित नीतिमा त्यसको सुझाव परेको अनुभव हुँदैन ।

### नीतिगत अन्योल हटाउने नीति छैन

नेपालमा पर्यटन सम्बन्धमा एउटा ठूलो समस्या नीतिगत र कार्यक्रमगतको संख्या धेरै हुँदा उत्पन्न अन्योल र विरोधाभास पनि हो । नेपालमा नीति खुबै बन्ने गरेको छ । एउटै समयावधिमा पर्यटन नीति २०६५, भिजन २०२० र पर्यटन रणनीतिक योजना २०१६-२०२५ कार्यान्वयनमा रहनुले यसलाई पुष्टि गर्छ । पर्यटनमा उच्च प्रगति गरेका देशले यति धेरै नीति र कार्यक्रमका दस्तावेज बनाएको पाइँदैन । नेपालमा भने कागजी काम बढी भएको पाइन्छ । अन्य देशहरूमा एउटा मात्र नीतिगत दस्तावेजले पर्यटन क्षेत्रलाई मार्गदर्शन गरेको पाइन्छ । भारतमा अहिलेसम्म पनि राष्ट्रिय पर्यटन नीति २००२ कार्यान्वयनमा छ । भुटानमा पर्यटन परिषदको वेबसाइटमा ५-७ वटा रणनीति मात्र उल्लिखित छन् । प्रायः सबै देशमा यस्तै अवस्था देखिन्छ । तर, नेपालमा जति पर्यटनको नारा, कार्यक्रम र नीति शायदै अरू देशले ल्याएका होलान् तर नेपालको पर्यटन प्रडक्ट क्रमशः अरूले खोस्दै लगेका छन् । किन नेपालका पर्यटक प्रडक्ट अरूले लगे वा नेपालमा आउने पर्यटक किन अन्यत्र गए भन्नेमा समेतअध्ययन नै भएको छैन । त्यस्तै पर्यटनमा पूर्वाधार निर्माण, गन्तव्य विकास र प्रडक्ट सम्बन्धमा विशिष्टीकृत संस्था छैन । यसका लागि अलग संस्था बनाउँदा सरकारी खर्च बढाउने काममात्रै हुन्छ । त्यसैले सरकारले केही गन्तव्य आफैले बनाउने र केही गन्तव्यको योजना बनाएर त्यो पूर्णरूपमा निजी क्षेत्रलाई निर्माण, सञ्चालनको जिम्मा दिने नीति लिनुपर्छ ।

सरकारले सबै आफै गर्नुपर्छ तथा निजी क्षेत्रले सार्वजनिक सम्पत्ति लुट्छन् भन्ने सोच नेपालमा सरकारी कर्मचारी र सर्वसाधारण नागरिकमा पनि छ । अझ विदेशी लगानीकर्ता आए नेपाललाई लुट्न आएको भन्ने आमसोचाइ छ जसलाई राजनीतिक दलले आफ्नो स्वार्थका लागि प्रयोग गर्ने गरेका छन् । त्यसैले यस्तो सोचमा परिवर्तन जरुरी छ । कतिपय पर्यटकीय क्षेत्र पारदर्शी प्रतिस्पर्धाको माध्यमबाट निजी क्षेत्रलाई विकास र सञ्चालन गर्न दिनुपर्छ । धेरै निकाय, धेरै नीति, धेरै अपेक्षा, त्यसमा पनि अस्थिरता भयो भने त्यो सबै कागजी काममात्रै हुन्छ । त्यसैले यसलाई चुस्त र कार्यान्वयनयोग्य बनाउनु आवश्यक छ । मन्त्रालयअन्तर्गत कम बजेटका धेरै कार्यक्रमका संख्या रहेकोले कार्यक्रमको संख्या पनि कम तर दीर्घकालसम्म प्रभाव पार्ने र निजी क्षेत्रलाई सहयोग गर्ने खालको हुनुपर्छ ।

*लेखक पर्यटन व्यवसायी हुन् ।*

पाठक पत्र

# सामाजिक सञ्जाललाई छाडा नै रहन दिने ?

शिक्षित र सचेत समाजमा समेत सामाजिक सञ्जालले पारेको प्रभावबारे चिन्ता प्रकट भइरहेको पाइन्छ । अस्ट्रेलियाले १६ वर्षमुनिका केटाकेटीलाई फेसबुकलगायत सामाजिक सञ्जाल चलाउन नदिन कानून नै बनाएको छ । तर, ती मुलुकमा स्वतन्त्रता अपहरण गऱ्यो, सरकार निरंकुश भयो भनेर विरोध गरेको पाइँदैन । नेपालजस्तो अशिक्षितको जनसंख्या भएको मुलुकमा सामाजिक सञ्जालले निकै गम्भीर असर पारेको छ । अराजकता बढ्दो छ । साइबर अपराध निकै बढेको छ । सामाजिक सञ्जालको दुरुपयोगबाट सामाजिक व्यवस्था नै समस्यामा परेको छ । बलात्कार र हत्याजस्ता क्रियाकलाप बढ्नुमा सामाजिक सञ्जालको पनि प्रभाव देखिएको छ । त्यसैले यसलाई केही नियमन गर्नु अन्यथा होइन ।

तर, यसले अभिव्यक्ति स्वतन्त्रता अपहरण गऱ्यो, सरकार स्वेच्छाचारी भयो भने व्यापक आलोचना भएको पाइन्छ । सामाजिक सञ्जालकै सहायताबाट मानवीय सहयोग जुटेको छ । कतिपय सकारात्मक काम पनि नभएका होइनन् । त्यसैले यसलाई सकारात्मक उपयोग गर्नु आवश्यक छ । त्यसका लागि प्रयोगकर्ता नै जिम्मेवार हुनुपर्छ । सामाजिक सञ्जालको अधिक प्रयोगले विद्यार्थीको अध्ययन प्रभावित भएको छ । धेरै विद्यार्थी पढाइ छाडेर मोबाइलमै झुन्डिने गरेका छन् । त्यसको असर एसईईको परीक्षामा सिधै परेको छ । यो समस्या गम्भीर छ । वास्तवमा सरकारले यो विधेयकमा नै १६ वर्षमुनिका केटाकेटीका लागि केही सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउनुपर्थ्यो । सांसदहरू जिम्मेवार हुने हो भने उनीहरूले यसमा त्यो व्यवस्था राख्न लगाउनु पर्छ ।

अहिले भाइरल हुने नाममा धेरै अराजक प्रवृत्ति सामाजिक सञ्जालमा हाबी छ । नक्कली र सम्पादित सन्देश पत्याउने जमात ठूलो छ । यस्तो भ्रमपूर्ण सन्देश फैलाएर मुलुकलाई नै विभाजित गर्न सक्ने अवस्था पनि आउन सक्छ । सामाजिक सञ्जालको पोस्टले नै साम्प्रदायिक हिंसा भड्काएको घटना पनि यहाँनेर स्मरणीय छ । त्यसैले हचुवामा सरकारलाई विधेयक फिर्ता ले भन्नुभन्दा बुँदागत अध्ययन गरेर केकेमा सुधार गर्न आवश्यक छ ती कुरा सुधारेर यसलाई लागू गर्नु उपयुक्त हुन्छ ।

नाम सामाजिक सञ्जाल भए पनि यो निकै असामाजिक भइरहेको छ । मानिसहरूको कुण्ठा पोख्ने र एकअर्काको चरित्रहत्या गर्ने ठाउँ बनेको छ । अराजकतालाई मौलाउन दिनु हुँदैन । सामाजिक सञ्जालमा चरित्रहत्या गरिदिने धम्की दिएर कति अपराध कर्म भएका छन् । त्यसैले नियमन आवश्यक देखिन्छ । सरकारले गर्ने हरेक काम राम्रो हुँदैन भन्ने होइन । कुनै काम आवश्यक पनि हुन्छ । आवश्यक देखेर नै यस्तो कानून ल्याउन लागिएको हुनुपर्छ । यद्यपि कानूनका प्रावधान हेरेर विरोध र समर्थन गर्नुपर्ने हुन्छ । आफूलाई मन पर्ने वा आफूले भोट हालेको दलले भनेकै आधारमा सही र बेठीक भन्ने हुँदैन । सरकारले ल्याएको कानून हेर्दा सामाजिक सञ्जालमा चुइँक्क बोल्नेबित्तिकै थुनिहाल्ने भन्ने देखिन्न । त्यसलाई नियमनमा ल्याउँदा मानिसहरू सचेत हुन्छन् । गैरकानूनी काम हुन्छ कि भनेर सचेत पार्न सकियो भने यसबाट हुने अपराध केही कम हुन्छ कि ? सरकारको विरोध गर्न नपाउने भन्ने व्यवस्था छैन तर केही शब्द यस्ता छन् जसको अर्थ सरकारको विरोध गर्नुसँग जोडेर हेर्न सकिन्छ । यो यसको कमजोरी हो । त्यसमा सुधार हुनुपर्छ । तर कानून नै फिर्ता ले भन्नु हुँदैन । कुन कुन कुरामा सुधार गर्ने हो त्यसबारे छलफल गर्नु बढी उपयुक्त हुन्छ ।

*दिवस कार्की*
*मण्डिखाटार, काठमाडौं ।*

## आगामी साधारणसभा

| क्र.सं. | कम्पनीको नाम | आर्थिक वर्ष | स्थान | मिति | समय | प्रस्तावित लाभांश (%) | | अन्य प्रस्ताव | बुक क्लोज |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | बोनस | नगद | | |
| १ | पिपुल्स पावर लिमिटेड | २०८०/८१ | पारीजात पार्टी प्यालेस, जाल्पाचोक, काठमाडौं | माघ २० | १०:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ६ |
| २ | कुमारी बैंक लिमिटेड | २०८०/८१ | नेपाल आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं | माघ २१ | ११:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ११ |
| ३ | पाँचथर पावर कम्पनी लिमिटेड | २०८०/८१ | होटल इम्पेरियल, बत्तिसपुतली, काठमाडौं | माघ २४ | ११:०० | | | शतप्रतिशत हकप्रद शेयर निष्कासन गर्ने, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ११ |
| ४ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २०७९/८०, २०८०/८१ | सेलिब्रेशन हाइट्स, सुकेधारा, काठमाडौं | माघ २४ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ ३ |
| ५ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल सनस्टार इन्टरनेशनल, भैरहवा,रूपन्देही | माघ २६ | १०:०० | | | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १५ |
| ६ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | होटल पावन मिथिला थाली, गोलबजार, सिराहा | माघ २७ | ९:०० | | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १८ |
| ७ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड | २०८०/८१ | होटल भिष्वा, वीरगञ्ज | माघ २८ | ९:०० | १० | ११.०५ | सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १० |
| ८ | नेपाल ल्यूव आयल लिमिटेड | विशेष | द प्लाजा, पुल्चोक, ललितपुर | माघ २९ | ११:०० | | | एफपिओ निष्कासन गर्ने निर्णय खारेज गर्ने, २०० प्रतिशत हकप्रद शेयर निष्कासन गर्ने | माघ २७ - माघ २९ |
| ९ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | २०८०/८१ | धुम्बराह भेन्यु, धुम्बाराही, काठमाडौं | माघ ३० | ११:०० | | | सञ्चालक समिति हेरफेर तथा अनुमोदन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ १३ |
| १० | इमर्जिङ्ग नेपाल लिमिटेड | विशेष | लिसरा रिसेप्सन, नक्साल, काठमाडौं | माघ ३० | ९:३० | | | शेयर स्वामित्व अनुपात परिवर्तन गर्ने | माघ २१ |
| ११ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | स्काई गार्डेन रिसोर्ट, पनौती, काभ्रेपलाञ्चोक | फागुन ६ | ११:०० | | | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |
| १२ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | धौलागिरी सामुदायिक श्रोत विकास केन्द्र, उपल्लाचौर, बागलुङ | फागुन १० | ११:०० | | | सञ्चालकको नियुक्ति, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २१ |
| १३ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | २०८०/८१ | मिराबेल रिसोर्ट एण्ड होटल, धुलिखेल, काभ्रेपलाञ्चोक | फागुन ११ | ११:३० | ५ | ०.२६ | कम्पनीको शेयर संरचना परिवर्तन, सञ्चालकको निर्वाचन, वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २४ |
| १४ | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | २०७९/८० | अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वेट, बत्तिसपुतली, काठमाडौं | फागुन ११ | १०:३० | १४ | | वार्षिक प्रतिवेदन पारित गर्ने | माघ २५ |

## जलविद्युत् कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कुथेली बुखरी स्मल हाइड्रोपावर लिमिटेड | २४७५ | ३३०० | ८२७ |
| २ | सिक्लेस हाइड्रोपावर लिमिटेड | १२०५.६ | १२०५.६ | ४५२ |
| ३ | सुपर मादी हाइड्रोपावर लिमिटेड | ११७५ | १६५७ | ४२१.५ |
| ४ | भगवति हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ११५५ | १३६१.७ | ५४८ |
| ५ | सुपरमाई हाइड्रोपावर लिमिटेड | १०५०.१ | १२८३ | ५९६.३ |
| ६ | बाराही हाइड्रोपावर पब्लिक लिमिटेड | १०३२ | १२४५ | ४४९ |
| ७ | रिभर फल्स पावर लिमिटेड | १०१५ | १४८४ | २९८.९ |
| ८ | शुभम पावर लिमिटेड | १००२ | ११०९.६ | ६१९ |
| ९ | माण्डु हाइड्रोपावर लिमिटेड | ९९० | १४९३.१ | ६४८.६ |
| १० | मिड सोलु हाइड्रोपावर लिमिटेड | ९८९ | ११८० | ५६२ |
| ११ | थ्रीस्टार हाइड्रोपावर लिमिटेड | ९५१.५ | १२३१ | ४६०.६ |
| १२ | मन्दाकिनी हाइड्रोपावर लिमिटेड | ९२० | ११०१ | ३६१.५ |
| १३ | अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ८७४ | ९५५.९ | ३२६.५ |
| १४ | सयपत्री हाइड्रोपावर लिमिटेड | ८७२.२ | ९२२ | ४४३ |
| १५ | चिरख्वा हाइड्रोपावर लिमिटेड | ८५६ | ८८६.५ | ४८०.५ |
| १६ | रावा इनर्जि डेभलपमेन्ट लिमिटेड | ८४० | ९५०.६ | ४३०.२ |
| १७ | माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेड | ८३७ | ८९०.४ | ३९१ |
| १८ | दोल्ती पावर कम्पनी लिमिटेड | ८३६ | १०१७ | ३३२ |
| १९ | एशियन हाइड्रोपावर लिमिटेड | ८३५ | ९०४ | ४०२.१ |
| २० | अप्पर स्याङ्गे हाइड्रोपावर लिमिटेड | ८३२.२ | ९६१ | ४४३.२ |
| २१ | इष्टर्न हाइड्रोपावर लिमिटेड | ८३० | ९९७ | ४०७ |
| २२ | भूगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेड | ८१२ | ८६१.९ | ३१८.५ |
| २३ | नेपाल हाइड्रो डेभलोपर लिमिटेड | ७९० | ९४० | ४०८ |
| २४ | मकर जितुमाया सुरी हाइड्रोपावर लिमिटेड | ७७९ | ७७९ | ३४२ |
| २५ | रू रू जलविद्युत् परियोजना लिमिटेड | ७७० | ९२६.८ | ४८४.९ |
| २६ | ईङवा हाइड्रोपावर लिमिटेड | ७७० | ८१० | ३१६.१ |
| २७ | भिजन लुम्बिनी उर्जा कम्पनी लिमिटेड | ७५६ | ८१६ | ४४५.१ |
| २८ | युनाइटेड इदी मर्दी एण्ड आर.बि. हाइड्रोपावर लिमिटेड | ७३५ | ७४० | ३२५ |
| २९ | अप्पर सोलु हाइड्रो इलेक्ट्रिक कम्पनी लिमिटेड | ७३५ | ७५२ | ३३३.२ |
| ३० | बिन्ध्यबासिनी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ७३४.६ | ८२९.७ | ४३४ |
| ३१ | न्यादी हाइड्रोपावर लिमिटेड | ७०७.८ | ७०७.८ | २६०.३ |
| ३२ | माईखोला हाइड्रोपावर लिमिटेड | ६९० | ७१४ | ३३९.१ |
| ३३ | मेन्छियाम हाइड्रोपावर लिमिटेड | ६८७.५ | ७०९.७ | ३०७ |
| ३४ | राप्ती हाइड्रो एण्ड जनरल कन्स्ट्रक्सन लिमिटेड | ६५२.८ | ६५७ | २७४.६ |
| ३५ | माउन्टेन इनर्जी नेपाल लिमिटेड | ६४० | ८०९.५ | ४९८.१ |
| ३६ | दोर्दी खोला जलविद्युत् कम्पनी लिमिटेड | ६३९.९ | ६७० | ३७० |
| ३७ | त्रिशुली जलविद्युत् कम्पनी लिमिटेड | ६३० | ६९७ | ४३१ |
| ३८ | सामलिङ्ग पावर कम्पनी लिमिटेड | ६२७ | ७६६ | ४६४ |
| ३९ | श्वेत-गंगा हाइड्रोपावर एण्ड कन्स्ट्रक्सन लिमिटेड | ६२० | ६२१ | २९५.२ |
| ४० | पिपुल्स पावर लिमिटेड | ६१५.९ | ६८३.४ | २९९.१ |
| ४१ | सगरमाथा जलविद्युत् कम्पनी लिमिटेड | ६१२ | ८०० | ३४३.६ |
| ४२ | मैलुङ खोला जलविद्युत् कम्पनी लिमिटेड | ६०६ | ७३५ | ४०२ |
| ४३ | माया खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ६०३ | ६१७.५ | २६५ |
| ४४ | सानिमा मिडिल तमोर हाइड्रोपावर लिमिटेड | ६०१.४ | ६३० | ३४८ |
| ४५ | मोलुङ्ग हाइड्रोपावर कम्पनी लिमिटेड | ५९७.५ | ६३७ | ३५५ |
| ४६ | हिमालयन हाइड्रोपावर लिमिटेड | ५९६ | ६०५ | ३१४.१ |
| ४७ | तेह्रथुम पावर कम्पनी लिमिटेड | ५९० | ६१५ | ४१० |
| ४८ | पिपुल्स हाइड्रोपावर कम्पनी लिमिटेड | ५८४ | ६७० | २७५.१ |
| ४९ | अप्पर लोहोरे खोला हाइड्रोपावर कम्पनी लिमिटेड | ५८२ | ५८६.५ | २९८.१ |
| ५० | हिमालयन पावर पार्टनर लिमिटेड | ५८१ | ५८५ | २४४ |
| ५१ | मनकामना इन्जिनियरिङ्ग हाइड्रोपावर लिमिटेड | ५६६ | ५७७.२ | २७५ |
| ५२ | ग्रीन भेन्चर्स लिमिटेड | ५६२ | ६९९.९ | ४०२.४ |
| ५३ | कालिका पावर कम्पनी लिमिटेड | ५५८ | ६०६.९ | ३८०.२ |
| ५४ | बुद्धभुमी नेपाल हाइड्रोपावर कम्पनी लिमिटेड | ५३९.९ | ७४२ | ३८०.३ |
| ५५ | सानिमा माई हाइड्रोपावर लिमिटेड | ५१२.५ | ६८० | ३१६ |
| ५६ | चिलिमे जलविद्युत् कम्पनी लिमिटेड | ५०५ | ६९७ | ४२६.३ |
| ५७ | साहस उर्जा लिमिटेड | ४८९ | ७२५ | ४०९.५ |
| ५८ | छ्याङ्दी हाइड्रोपावर लिमिटेड | ४६४ | ४७८ | २७५.६ |
| ५९ | बरुण हाइड्रोपावर कम्पनी लिमिटेड | ४६१.३ | ४७८.९ | २११ |
| ६० | रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड | ४४३.६ | ५२७ | २६०.३ |
| ६१ | जोशी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | ४१५ | ५२१.६ | २४२.६ |
| ६२ | बुटवल पावर कम्पनी लिमिटेड | ३९७.४ | ५३६.५ | २८४.४ |
| ६३ | वलेफी हाइड्रोपावर लिमिटेड | ३८८ | ५२० | २९८ |
| ६४ | खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेड | ३८५ | ४७५ | २०९ |
| ६५ | राधी विद्युत् कम्पनी लिमिटेड | ३८२ | ४७७ | २२३.२ |
| ६६ | मध्य भोटेकोशी जलविद्युत् कम्पनी लिमिटेड | ३७४.९ | ४३३ | २७९.३ |
| ६७ | मोदी ईनर्जी लिमिटेड | ३७३.२ | ३९३ | २०३ |
| ६८ | सान्जेन जलविद्युत् कम्पनी लिमिटेड | ३६०.१ | ४४२ | २५६ |
| ६९ | युनियन हाइड्रोपावर लिमिटेड | ३५९ | ३६७ | २१२.६ |
| ७० | युनाइटेड मोदी हाइड्रोपावर लिमिटेड | ३५५ | ३९४ | २२३.१ |
| ७१ | सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड | ३४५ | ३८९ | २२०.२ |
| ७२ | पाँचथर पावर कम्पनी लिमिटेड | ३३६ | ३६७.२ | २२० |
| ७३ | पञ्चकन्या माई हाइड्रोपावर लिमिटेड | ३१९ | ३४०.६ | २१४.२ |
| ७४ | दिव्यश्वरी हाइड्रोपावर लिमिटेड | ३१० | ३५० | १८५.३ |
| ७५ | यूनिभर्सल पावर कम्पनी लिमिटेड | ३०२.५ | ३४५ | १८३ |
| ७६ | डादी ग्रुप पावर लिमिटेड | २९२ | ५७१ | २५० |
| ७७ | माउन्टेन हाइड्रो नेपाल लिमिटेड | २८१.९ | ३७९ | २१५.७ |
| ७८ | अपि पावर कम्पनी लिमिटेड | २७६.१ | ३९० | १६२ |
| ७९ | अरुण भ्याली हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड | २६७.५ | ३४९ | १४९ |
| ८० | ग्रीनलाईफ हाइड्रोपावर लिमिटेड | २६३ | ३३६ | १९६ |
| ८१ | सिंगटी हाइड्रो इनर्जी लिमिटेड | २५४.९ | ३३४.४ | १४३.१ |
| ८२ | रिडी पावर कम्पनी लिमिटेड | २४४ | ३११ | १५४.५ |
| ८३ | हिमालय उर्जा विकास कम्पनी लिमिटेड | २४१.३ | ३३५.५ | १८३.६ |
| ८४ | अरुण काबेली पावर लिमिटेड | २३७.९ | ३२६ | १५७.२ |
| ८५ | शिव श्री हाइड्रोपावर लिमिटेड | २३१.९ | २८१.१ | १५४ |
| ८६ | नेशनल हाइड्रोपावर कम्पनी लिमिटेड | २२० | २९० | १३६ |
| ८७ | घलेम्दी हाइड्रो लिमिटेड | २१३.७ | २८३ | १४१ |
| ८८ | लिवर्टी इनर्जी कम्पनी लिमिटेड | २१० | ३४४ | १७५.१ |
| ८९ | अपर तामाकोशी हाइड्रोपावर लिमिटेड | २०१.७ | २९५ | १५२.१ |
| ९० | आँखुखोला जलविद्युत् कम्पनी लिमिटेड | १९७ | २७४.९ | १५०.९ |
| ९१ | हिमाल दोलखा हाइड्रोपावर कम्पनी लिमिटेड | १९६ | २७३ | १२३.३ |

## जीवन बीमा कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | १०७७ | २४७५ | १०७० |
| २ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७४४.६ | ८२५ | ५२३ |
| ३ | नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७३२ | १०६० | ५६६ |
| ४ | सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लि. | ७३० | ७५५.८ | ४१८.५ |
| ५ | सन नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड | ६३९.९ | ७०८ | ४४७.२ |
| ६ | नेशनल लाइफ इन्स्योरेन्स कम्पनी लि. | ५९१.२ | ७७६.१ | ५२१.३ |
| ७ | प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | ५७८.३ | ७३२.२ | ४७३ |
| ८ | रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लि. | ५२२.८ | ६००.१ | ४१० |
| ९ | आईएमई लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४८३ | ६०६ | ४१२.५ |
| १० | हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड | ४७८ | ६०७ | ३६४.१ |
| ११ | सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लि. | ४४७.२ | ६४४ | ३९५.१ |
| १२ | सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि. | ४२१ | ६५४ | ४१२.१ |

## विकास बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड | २४८० | २४८० | ३६३ |
| २ | ग्रीन डेभलपमेन्ट बैंक लिमिटेड | १८५० | १८७१.२ | ३२३ |
| ३ | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड | १३९२.४ | १६२२.७ | २४२.१ |
| ४ | सिन्धु विकास बैंक लिमिटेड | १२४६.८ | १२४६.८ | २९४ |
| ५ | नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | १२०८ | १४३३ | ३९०.१ |
| ६ | मितेरी डेभलपमेन्ट बैंक लिमिटेड | ७१५ | ८४३.५ | ३७५ |
| ७ | एक्सेल डेभलपमेन्ट बैंक लिमिटेड | ६३५ | ७७४ | ३३४.५ |
| ८ | लुम्बिनी विकास बैंक लिमिटेड | ४५५.१ | ५६० | ३६१ |
| ९ | कामना सेवा विकास बैंक लिमिटेड | ४५४ | ५६४.८ | ३३० |
| १० | शाइन रेसुङ्गा डेभलपमेन्ट बैंक लि. | ४३४ | ६२५ | ३५३ |
| ११ | सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड | ४०५.९ | ४९७ | २८५ |
| १२ | महालक्ष्मी विकास बैंक लिमिटेड | ४०२ | ४९८ | ३०८ |
| १३ | गरिमा विकास बैंक लिमिटेड | ३९८ | ५३१.४ | ३५० |
| १४ | मुक्तिनाथ विकास बैंक लिमिटेड | ३७६ | ४८२ | ३३२.४ |
| १५ | ज्योति विकास बैंक लिमिटेड | ३६१.२ | ४४५ | २७५ |

## 'अन्य' कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | १५३५ | १९२६ | ७८५ |
| २ | नेपाल वेयरहाउजिङ्ग कम्पनी लि. | ९९८.९ | १२६४ | ६७८ |
| ३ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | ९४६.५ | १०५२ | ६३०.१ |
| ४ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ९०७ | १२१४ | ८०० |
| ५ | हिमालयन रिइन्स्योरेन्स लिमिटेड | ८४८.१ | १०६० | ५१२ |
| ६ | नेपाल रिपब्लिक मिडिया लिमिटेड | ५४८ | ५८०.८ | ३३०.४ |

## लघुवित्त कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड | ५०९८ | ६७३५ | १७७७.६ |
| २ | उपकार लघुवित्त वित्तीय संस्था लिमिटेड | ४६७५ | ४९३६.८ | १०४५ |
| ३ | समाज लघुवित्त वित्तीय संस्था लिमिटेड | ३३५२.४ | ४१८१ | ४८९.८ |
| ४ | सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | २८५४ | २८५४ | ७२१ |
| ५ | विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २७५८.१ | ३५०० | ७४४.८ |
| ६ | सपोर्ट लघुवित्त वित्तीय संस्था लिमिटेड | २७०० | ४०२६.२ | ९२९ |
| ७ | युनिक नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | २७०० | ३२२३ | १०९४ |
| ८ | श्रृजनशील लघुवित्त वित्तीय संस्था लिमिटेड | २६१६ | २८९३ | ७७७ |
| ९ | नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्था लिमिटेड | २३७७ | २६४१ | १४९२.१ |
| १० | गुराँस लघुवित्त वित्तीय संस्था लिमिटेड | २३५२ | ३३०० | ८१० |
| ११ | महिला लघुवित्त वित्तीय संस्था लिमिटेड | २२७८ | २६४८.७ | १५३८.१ |
| १२ | मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेड | २१२० | २५३० | ६२० |
| १३ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेड | १९६६ | २४२६.४ | ८३०.१ |
| १४ | गणपति लघुवित्त वित्तीय संस्था लिमिटेड | १८३० | २३२७ | ८०० |
| १५ | धौलागिरी लघुवित्त वित्तीय संस्था लिमिटेड | १८१०.१ | २२५० | ७५१ |
| १६ | मिथिला लघुवित्त वित्तीय संस्था लिमिटेड | १७६७.९ | १९६० | ७४७ |
| १७ | सिवाईसी नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड | १६५२.१ | १९२३.९ | १०७८ |
| १८ | जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेड | १६०८.९ | १८१८ | ८३९ |
| १९ | उन्नति सहकार्य लघुवित्त वित्तीय संस्था लिमिटेड | १५४५ | २३६३.३ | ९०० |
| २० | महुली लघुवित्त वित्तीय संस्था लिमिटेड | १४१९.९ | १८५१ | ७९० |
| २१ | जीवन विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | १३५६.१ | १९२० | १२०५ |
| २२ | नेशनल लघुवित्त वित्तीय संस्था लिमिटेड | १३०५ | १७२७ | १०२७ |
| २३ | फरवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | १२३६ | १७३९ | ९७६ |
| २४ | ग्लोबल आइएमई लघुवित्त वित्तीय संस्था लिमिटेड | ११९९ | १८१५ | ७५० |
| २५ | मातृभूमि लघुवित्त वित्तीय संस्था लिमिटेड | ११८९.५ | १७१६ | ७७५ |
| २६ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११३५ | १४९१ | ५८५ |
| २७ | लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेड | ११२० | १४२८ | ७२० |
| २८ | कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड | १११५ | १२८५ | ६२० |
| २९ | अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०८० | ११९५ | ५८० |
| ३० | हिमालयन लघुवित्त वित्तीय संस्था लिमिटेड | १०२५ | १४४७ | ५४५.१ |
| ३१ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९७९.७ | १४९२ | ६५८ |
| ३२ | नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड | ९६० | ११९० | ५०० |
| ३३ | आशा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३६ | ११७७ | ६१६.९ |
| ३४ | स्वरोजगार लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३५ | १२५० | ५४१ |
| ३५ | सम्पदा लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३० | १४७०.८ | ५७२ |
| ३६ | समता घरेलु लघुवित्त वित्तीय संस्था लिमिटेड | ८८७.९ | १२७१ | ५५८ |
| ३७ | स्वावलम्बन लघुवित्त वित्तीय संस्था लिमिटेड | ८६५ | १२३२ | ६७० |
| ३८ | छिमेक लघुवित्त वित्तीय संस्था लिमिटेड | ८४४ | ११५५ | ८०० |
| ३९ | विजय लघुवित्त वित्तीय संस्था लिमिटेड | ८३९.१ | ११७४ | ५६४.९ |
| ४० | ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०७ | ९७९.५ | ५१७.२ |
| ४१ | साना किसान विकास लघुवित्त वित्तीय संस्था लिमिटेड | ८०३ | ११०५ | ७८९ |
| ४२ | डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७७९ | १०९९ | ६७० |
| ४३ | सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड | ७५३ | १२१४.८ | ६४१ |
| ४४ | फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ७२४ | १००४ | ५६५ |
| ४५ | एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड | ७०१ | ९१८ | ४८० |
| ४६ | नेरूडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड | ६९३ | ९८८ | ५०४.५ |
| ४७ | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७७ | ९८० | ५१२ |
| ४८ | निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड | ६७० | ९३०.२ | ५७८.३ |
| ४९ | आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेड | ६६० | ८९० | ५०३ |
| ५० | एनआईसी एशिया लघुवित्त वित्तीय संस्था लिमिटेड | ६५९.१ | ९०७ | ५२०.३ |

## नेपाल धितोपत्र बोर्डमा आईपीओ निष्कासन गर्नका लागि पाइपलाईनमा रहेका जलविद्युत् समूहका कम्पनीहरू

| क्र.सं. | कम्पनीको नाम | निष्कासन हुने कित्ता | निष्कासन मूल्य (रू) | बिक्री प्रबन्धक | निवेदन मिति |
|---|---|---|---|---|---|
| १ | सानिमा हाइड्रोपावर लिमिटेड | १,४७०,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० जेठ २६ |
| २ | हिमस्टार उर्जा कम्पनी लिमिटेड | १,११९,००० | १०० | एन आई सी एशिया क्यापिटल लि. | २०८० जेठ ३१ |
| ३ | दरम खोला हाइड्रो इनर्जी लिमिटेड | ३,९५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० भदौ ५ |
| ४ | भुजुङ्ग हाइड्रोपावर लिमिटेड | १,४५५,००० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८० भदौ १३ |
| ५ | सान्भि इनर्जी लिमिटेड | ३,७९०,००० | १०० | नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लि. | २०८० भदौ २७ |
| ६ | रिचेत जलविद्युत् कम्पनी लिमिटेड | १,१७६,४५० | १०० | एनआइएमबि एस क्यापिटल लि. | २०८० भदौ २९ |
| ७ | बेनी हाइड्रोपावर प्रोजेक्ट लिमिटेड | २,०८०,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८० असोज ५ |
| ८ | याम्बालिङ्ग हाइड्रोपावर लिमिटेड | २,८००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० असोज १० |
| ९ | माबिलुङ्ग इनर्जी लिमिटेड | १,८९०,५३० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० असोज १४ |
| १० | सोलु हाइड्रोपावर लिमिटेड | २०,०००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० असोज २३ |
| ११ | टक्सार पिखुवाखोला हाइड्रोपावर लिमिटेड | ४,२३०,६६८ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० असोज २६ |
| १२ | विकास हाइड्रोपावर कम्पनी लिमिटेड | ४,४५४,५९६ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर १९ |
| १३ | रिज लाईन इनर्जी लिमिटेड | ५,८०४,२०१ | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८० मङ्सिर २५ |
| १४ | लाफिङ्ग बुद्ध पावर नेपाल लिमिटेड | ६,५७७,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० पुस २ |
| १५ | कालिन्चोक हाइड्रोपावर लिमिटेड | ७५०,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८० माघ २२ |
| १६ | हिम रिभर पावर लिमिटेड | १,३३०,००० | १०० | सिद्धार्थ क्यापिटल लिमिटेड | २०८० माघ २८ |
| १७ | लोअर इर्खुवा हाइड्रोपावर कम्पनी लि. | २,८०५,७५० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८० फागुन ११ |
| १८ | बुंगल हाइड्रो लिमिटेड | २,९०५,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| १९ | कलंगा हाइड्रो लिमिटेड | ४,९००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २० | सानीगाड हाइड्रो लिमिटेड | ८,५५०,००० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८० चैत ६ |
| २१ | एपेक्स मकालु हाइड्रोपावर लिमिटेड | २,४००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८० चैत १८ |
| २२ | अपोलो हाइड्रोपावर लिमिटेड | १,४१०,००० | १०० | हिमालयन क्यापिटल लिमिटेड | २०८० चैत २० |
| २३ | गौरीशंकर पावर डेभलपमेन्ट लिमिटेड | २,४००,००० | १०० | नबिल इन्भेष्टमेण्ट बैंकिङ्ग लिमिटेड | २०८० चैत २१ |
| २४ | शिखर पावर डेभलपमेन्ट लिमिटेड | २,१६०,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८० चैत ३० |
| २५ | सिउरी न्यादी पावर लिमिटेड | ३०,३६०,७८४ | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ वैशाख १८ |
| २६ | सुपर खुदी हाइड्रोपावर लिमिटेड | ७,५९५,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ वैशाख ३० |
| २७ | माउण्ट एभरेष्ट पावर डेभलपमेन्ट लि. | २,५८०,००० | १०० | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ जेठ ६ |
| २८ | यूनिक हाईडेल कम्पनी लिमिटेड | २,२००,००० | १०० | ग्लोबल आइएमई क्यापिटल लिमिटेड | २०८१ जेठ १६ |
| २९ | आशुतोष इनर्जी लिमिटेड | १,२००,००० | १०० | एनएमबि क्यापिटल लिमिटेड | २०८१ जेठ २१ |
| ३० | हिलटन हाइड्रो इनर्जी लिमिटेड | १,३७५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३१ | स्नो रिभर्स लिमिटेड | १,६२५,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ जेठ २४ |
| ३२ | सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | १,३७९,३५० | १०० | कुमारी क्यापिटल लिमिटेड | २०८१ असार ४ |
| ३३ | पुवा खोला-वान हाइड्रोपावर लिमिटेड | १,९४६,६६० | १०० | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ असार ५ |
| ३४ | मादमे खोला हाइड्रोपावर लिमिटेड | ३,२५०,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ साउन १३ |
| ३५ | निलगिरी खोला हाइड्रोपावर कम्पनी लि. | ४,३२०,००० | १०० | प्रभु क्यापिटल लिमिटेड | २०८१ साउन २२ |
| ३६ | पिपुल्स इनर्जी लिमिटेड | ६,६००,००० | १०० | सानिमा क्यापिटल लिमिटेड | २०८१ साउन २३ |
| ३७ | चम्पावती हाइड्रोपावर लिमिटेड | १,६००,००० | १०० | आरविवि मर्चेन्ट बैंकिङ्ग लिमिटेड | २०८१ कात्तिक ४ |
| ३८ | हीम पर्वत हाइड्रोपावर लिमिटेड | ५,९१५,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ मङ्सिर ५ |
| ३९ | सेन्चुरी इनर्जी लिमिटेड | ३००,००० | २७५.११ | एनआइएमबि एस क्यापिटल लिमिटेड | २०८१ मङ्सिर १४ |
| ४० | ह्यावितयाट पावर कम्पनी लिमिटेड | १,१००,००० | १०० | मुक्तिनाथ क्यापिटल लिमिटेड | २०८१ मङ्सिर २१ |
| ४१ | नुम्बुर हिमालय हाइड्रोपावर लिमिटेड | ३,००६,२०२ | २१८ | लक्ष्मी सन्राइज क्यापिटल लिमिटेड | २०८१ पुस ७ |
| ४२ | युनाइटेड मेवा खोला हाइड्रोपावर लिमिटेड | १२,३००,००० | १०० | सिटिजन्स क्यापिटल लिमिटेड | २०८१ पुस ११ |

# गत साता तीन दिन मात्र धितोपत्र कारोबार
## औसत कारोबार रकम बढ्यो

**अभियान संवाददाता**

काठमाडौँ

गत साता धितोपत्र दोस्रो बजार तीन दिन मात्र सञ्चालन भएको थियो । पाँच कारोबार दिन खुला हुने बजार बुधवार र बिहीवार सार्वजनिक बिदाका कारण बन्द हुँदा तीन दिन मात्र कारोबार भएको हो ।

तीन दिनको कारोबारमा बजार दुई दिन निरन्तर घटेको थियो भने एक दिन बढेको थियो । पहिलो कारोबार दिन १० दशमलव ४१ अंकले र दोस्रो दिन १० दशमलव ६६ अंकले बजार घटेको थियो । तेस्रो दिन भने २४ दशमलव ५० अंकले बजार बेढेर बन्द भएको हो ।

पछिल्लो समय थोरै समयमै बजारको वृद्धिले ब्रेक लगाउने गरेको देखिन्छ । लगानीकर्ता ढुक्क भएर कारोबार नगरेको अवस्थामा अल्पकालमानै नाफा बुक हुने परिपाटी बढेको ब्रोकरहरू बताउँछन् । गत साता तीन दिनको कारोबारमा २७ अर्ब ४५ करोड रुपैयाँभन्दा बढीको ५ करोड २६ लाख ५४ हजारभन्दा बढी कित्ता धितोपत्र खरीदविक्री भएको छ । अघिल्लो साता पाँच कारोबार दिनमा ३६ अर्ब ७ करोड रुपैयाँभन्दा बढीको ७ करोड १० लाख ८३ हजारभन्दा बढी कित्ता धितोपत्र खरीदविक्री भएको थियो । कुल कारोबार रकम ८ अर्ब ६२ करोड रुपैयाँले घट्दा कुल कारोबार कित्ता १ करोड ८४ लाख २९ हजारभन्दा बढीले घटेको हो ।

कुल कारोबार रकम र कित्ता घटेपनि औसतमा भने कारोबार रकम र कित्ता दुवै बढेको छ । दुई दिन कम कारोबार भएको अवस्थामा औसतमा कारोबार रकम १ अर्ब ९३ करोड ६० लाख रुपैयाँभन्दा बढीले वृद्धि भएको छ भने कारोबार कित्ता ३३ लाख ३४ हजारभन्दा बढीले वृद्धि भएको छ ।

गत साता कुल बजार पूँजीकरण ६ अर्ब ३८ करोड रुपैयाँले बढेको छ । अघिल्लो साताको अन्तिम कारोबार दिन ४४ खर्ब २ अर्ब ७६ करोड रुपैयाँभन्दा बढी रहेको कुल बजार पूँजीकरण पछिल्लो कारोबार दिन ४४ खर्ब ९ अर्ब १४ करोड ७६ लाख रुपैयाँ कायम भएको हो ।

**व्यापार समूहको परिसूचक सर्वाधिक घट्यो**

गत साता व्यापार समूहको परिसूचक सर्वाधिक घटेको छ । नेपाल स्टक एक्सचेन्ज (नेप्से) को तथ्यांकलाई हेर्दा अघिल्लो साताको अन्तिम कारोबार दिनको तुलनामा पछिल्लो तीन कारोबारपछिको परिसूचकलाई हेर्दा व्यापार समूहको परिसूचक २ दशमलव ३४ प्रतिशत घटेको हो । पछिल्लो तीन कारोबार दिनको अवस्थालाई हेर्दा विकास बैंकका लगानीकर्ताले सर्वाधिक कमाएको देखिन्छ । विकास बैंक समूहको परिसूचक सर्वाधिक ५ दशमलव ४६ प्रतिशत बढेको छ ।

**सातागत परिसूचकको तुलना**

| विवरण | गत साता | अघिल्लो साता | फरक | फरक प्रतिशत |
|---|---|---|---|---|
| नेप्से परिसूचक (अंक) | २,६५७.७७ | २,६५४.३५ | ३.४२ | ०.१३ |
| सेन्सेटिभ इन्डेक्स (अंक) | ४४४.७२ | ४४६.८१ | -२.०९ | -०.४७ |
| कारोबार रकम (रू. हजारमा) | २७,४५५,४१७.४४ | ३६,०७८,७३६.०८ | -८,६२३,३१८.६४ | -२३.९० |
| कारोबार कित्ता | ५२,६५४,१३८.०० | ७१,०८३,४७४.०० | -१८,४२९,३३६.०० | -२५.९३ |
| औसत कारोबार रकम (रू. हजारमा) | ९,१५१,८०५.८१ | ७,२१५,७४७.२२ | १,९३६,०५८.६० | २६.८३ |
| औसत कारोबार कित्ता | १७,५५१,३७९.३३ | १४,२१६,६९४.८० | ३,३३४,६८४.५३ | २३.४६ |
| कुल बजार पूँजीकरण (रू. दश लाखमा) | ४,४०९,१४७.६७ | ४,४०२,७६६.६९ | ६,३८०.९८ | ०.१४ |

**साताव्यापी समूहगत परिसूचकमा आएको परिवर्तन**

| विवरण | गत साता | अघिल्लो साता | फरक प्रतिशत |
|---|---|---|---|
| विकास बैंक | ५,८६४.५२ | ५,५६०.९६ | ५.४६ |
| जलविद्युत् | ३,७९५.५६ | ३,७०६.६२ | २.४० |
| लघुवित्त | ४,९६५.८१ | ४,९०३.०० | १.२८ |
| वित्त | २,५७४.७६ | २,५६४.७५ | ०.३९ |
| उत्पादन तथा प्रशोधन | ७,०९६.५५ | ७,०८०.५५ | ०.२३ |
| अन्य | २,०८५.१२ | २,०८३.२९ | ०.०९ |
| म्युचुअल फण्ड | २०.०८ | २०.०९ | -०.०५ |
| होटल तथा पर्यटन | ६,८१५.७९ | ६,८२९.२६ | -०.२० |
| लगानी | १०४.०६ | १०४.३३ | -०.२६ |
| निर्जीवन बीमा | १२,६५२.४१ | १२,७८८.९६ | -१.०७ |
| बैंकिङ्ग | १,३३४.२२ | १,३५०.७४ | -१.२२ |
| जीवन बीमा | १२,८५९.७८ | १३,०७४.३० | -१.६४ |
| व्यापार | ४,३५६.७० | ४,४६०.९९ | -२.३४ |

स्रोत : नेपाल स्टक एक्सचेन्ज (नेप्से)

# पुसमा बढ्यो अडलट कारोबार

काठमाडौँ (अस) । पुसमा मात्र ७१ करोड ३१ लाख रुपैयाँभन्दा बढीको ३६ लाख २६ हजारभन्दा बढी कित्ता धितोपत्र अडलटमा कारोबार भएको छ ।

नेपाल स्टक एक्सचेन्ज (नेप्से)ले सार्वजनिक गरेको तथ्यांकलाई हेर्दा मङ्सिरको तुलनामा पुसमा अडलट कारोबार रकम ४४ करोड ५४ लाख रुपैयाँभन्दा बढीले वृद्धि भएको छ ।

मङ्सिरमा २६ करोड ७६ लाख रुपैयाँभन्दा बढीको ३ लाख ६८ हजारभन्दा बढी कित्ता धितोपत्र अडलटमा कारोबार भएको तथ्यांक नेप्सेले सार्वजनिक गरेको छ । अडलट कारोबार कित्ता भने मङ्सिरको तुलनामा पुसमा ३२ लाख ५७ हजारभन्दा बढीले वृद्धि भएको छ ।

लगानीकर्तालाई सहजता प्रदान गर्न दैनिकरूपमा धितोपत्र बजारमा अडलट कारोबार गर्ने व्यवस्था भए पनि कारोबारमा भने सहजता नभएको गुनासो लगानीकर्ताको छ ।

विशेष गरी बोनस शेयर वितरण गर्दा अडलटमा धितोपत्र कायम हुने र त्यसलाई विक्री गर्न सहज नभएको लगानीकर्ताहरूले गुनासो गरेका छन् ।

कुनै कम्पनीको ५ कित्ता बोनस शेयर प्राप्त भएको अवस्थामा १० कित्ता थपेर १५ कित्ता पारेर विक्री गरेको जानकारी लगानीकर्ताहरूले सामाजिक सञ्जालमार्फत दिने गरेका छन् ।

अडलट धितोपत्रको सहज कारोबारका लागि धितोपत्र दोस्रो बजार सञ्चालकले वातावरण बनाईदिनुपर्ने माग लगानीकर्ताहरूले गरेका छन् ।

नियमित कारोबारमा अडलट कारोबारका लागि नेप्सेले छुट्टै प्लेटफर्म सञ्चालन गरे पनि मार्केट डेप्थमा अडलटको कारोबार तथ्यांक नदेखिने भएकाले लगानीकर्तालाई कारोबारमा असहजता भएको गुनासो गरेका हुन् ।

अडलटको शेयर खरीद गर्ने वा विक्री गर्ने लगानीकर्ताका लागि मार्केट डेप्थमा तथ्यांक सार्वजनिक नहुँदा अन्दाजको भरमा अर्डर राख्दा विक्री नहुने र खरीद माग बमोजिम शेयर नआउने समस्या रहेको गुनासो लगानीकर्ताहरूको छ ।

अडलट कारोबारको तथ्यांक नेप्सेको इन्डेक्ससँग नजोडिने अर्थात् वास्तविक कारोबारमा गणना नहुने भएकाले अडलट कारोबारको मार्केट डेप्थ नदेखाइएको दोस्रो बजार सञ्चालक नेप्सेले बताउँदै आएको छ ।

लगानीकर्ताहरूले आफूसँग १० कित्ताभन्दा कम धितोपत्र भएमा अडलटमा कारोबार गर्न सक्ने व्यवस्था रहेको छ । आम लगानीकर्ताको सुविधालाई ध्यानमा राखी २०७९ वैशाखदेखि हरेक दिन अडलट कारोबार गर्न सकिने व्यवस्था नेप्सेले गरेको हो । त्यसअघि धितोपत्र कारोबारमा अडलटसम्बन्धी व्यवस्था रहे पनि शुक्रवार मात्र कारोबार हुने गरेको थियो ।

धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा कारोबार हुने धितोपत्र शेयर वा सामूहिक लगानी प्रयोजनको इकाई अंकित मूल्य १० रुपैयाँ भएमा १०० कित्ता र अंकित मूल्य १०० रुपैयाँ भएमा १० कित्ता अडलट कारोबार इकाई हुने व्यवस्था छ ।

त्यस्तै, धितोपत्र ऋणपत्र भएमा अंकित मूल्य १० रुपैयाँ भएको भए १०० कित्ता र संस्थापक ऋणपत्रको अंकित मूल्य १ हजार रुपैयाँ भएको भए १ कित्ता कारोबार इकाई हुने व्यवस्था पनि उक्त विनियमावलीमा गरिएको छ ।

यस व्यवस्थालाई आधार मान्दा मूल्यका हिसाबमा धितोपत्रको अडलट कारोबार इकाई तय गरिएको छ । उल्लिखित कारोबार इकाई वा सोभन्दा बढी धितोपत्र भएका धितोपत्रधनीहरूले त्यस्तो धितोपत्रलाई अडलट बनाई कारोबार गर्न नपाउने व्यवस्था रहेको छ ।

**वाणिज्य बैंकहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लि. | ६७० | ७९० | ४९७.४ |
| २ | एभरेष्ट बैंक लिमिटेड | ६०० | ७९० | ४८७.३ |
| ३ | नबिल बैंक लिमिटेड | ४७६ | ७०० | ४१९ |
| ४ | नेपाल एसबिआई बैंक लि. | ४१६ | ५४९ | २६८.६ |
| ५ | एनआईसी एशिया बैंक लि. | ३५७ | ५७३ | ३४१.६ |
| ६ | सानिमा बैंक लिमिटेड | २९१.१ | ३८२ | २२८ |
| ७ | सिद्धार्थ बैंक लिमिटेड | २८६ | ३८० | २१२.२ |
| ८ | कृषि विकास बैंक लिमिटेड | २८६ | ४२८.४ | २२०.५ |
| ९ | नेपाल बैंक लिमिटेड | २४५ | ३३७.५ | १९५.१ |
| १० | एनएमबि बैंक लिमिटेड | २४० | ३०० | १६२ |
| ११ | प्राइम कमर्सियल बैंक लिमिटेड | २३७ | ३२९ | १८६ |
| १२ | हिमालयन बैंक लिमिटेड | २२३ | ३१२.१ | १६७.१ |
| १३ | माछापुच्छ्रे बैंक लिमिटेड | २२३ | २९५ | १५७.८ |
| १४ | ग्लोबल आइएमई बैंक लिमिटेड | २१८.९ | ३०२ | १७० |
| १५ | प्रभु बैंक लिमिटेड | २१७.५ | २९७ | १३२ |
| १६ | नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. | २०८.५ | २९५ | १४७.४ |
| १७ | लक्ष्मी सन्राइज बैंक लिमिटेड | २०८ | ३०० | १४३.६ |
| १८ | सिटिजन्स बैंक इन्टरनेसनल लि. | २०५ | २९६ | १५२.५ |
| १९ | कुमारी बैंक लिमिटेड | १९६.३ | २७२.९ | १२९.६ |

**फाइनान्स कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | गुडविल फाइनान्स लिमिटेड | ७२१.१ | १३५३ | ४१९ |
| २ | नेपाल फाइनान्स लिमिटेड | ७१५ | २६१४.९ | ३२१ |
| ३ | मल्टीपर्पस फाइनान्स लिमिटेड | ६४५ | ९३६.९ | ३२८ |
| ४ | आइसिएफसि फाइनान्स लिमिटेड | ६३१ | ९१० | ४६२ |
| ५ | मञ्जुश्री फाइनान्स लिमिटेड | ६२७ | ९१७ | ४८०.२ |
| ६ | बेष्ट फाइनान्स कम्पनी लिमिटेड | ६१४.८ | ९५१.६ | ३१० |
| ७ | गोर्खाज फाइनान्स लिमिटेड | ५९४.५ | १०४१ | ५४०.५ |
| ८ | समृद्धि फाइनान्स कम्पनी लिमिटेड | ५६० | १११७.९ | २९३ |
| ९ | प्रोग्रेशिभ फाइनान्स लिमिटेड | ५४७ | ८६५ | २९५ |
| १० | श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स क.लि. | ५२८.५ | ७९५ | ३३६.२ |
| ११ | जानकी फाइनान्स कम्पनी लिमिटेड | ५१२.८ | १०८३.३ | ३५० |
| १२ | सेन्ट्रल फाइनान्स लिमिटेड | ५१० | ८२० | ३१८ |
| १३ | रिलायन्स फाइनान्स लिमिटेड | ५०५ | ८३८ | ३३९ |
| १४ | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लि. | ४८६.५ | ७५९ | ३३३ |
| १५ | पोखरा फाइनान्स लिमिटेड | ३९२.१ | ७९५ | ३३९.९ |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. |
|---|---|
| दिन | २०८१ माघ १९ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ४७ हजार ४१२ |
| आवेदन परेको कित्ता | १५ लाख ११ हजार ७०० |
| आवेदन परेको रकम | १५ करोड ११ लाख ७० हजार |
| निष्कासनको तुलनामा माग | ६.७२ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २२ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

**आईपीओ अपडेट (वैदेशिक रोजगारीमा रहेका नेपाली)**

| कम्पनी | क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. |
|---|---|
| दिन | २०८१ माघ १९ गते |
| आईपीओ निष्कासन भएको मूल्य | रू. १०० |
| कुल निष्कासन कित्ता | २ लाख २५ हजार |
| आवेदक संख्या | ३५ हजार ५१० |
| आवेदन परेको कित्ता | ९ लाख ८७ हजार ६७० |
| आवेदन परेको रकम | ९ करोड ८७ लाख ६७ हजार |
| निष्कासनको तुलनामा माग | ४.३९ गुणा |
| निष्कासन बन्द हुने मिति | २०८१ माघ २९ गते |
| विक्री प्रबन्धक | एनआइएमबि एस क्यापिटल लिमिटेड |

स्रोत : सीडीएससी

## शिखर इन्स्योरेन्सको लाभांश प्रस्ताव

काठमाडौँ (अस) । शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडले गत आर्थिक वर्ष २०८०/८१ को मुनाफाबाट कुल १० दशमलव ५३ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

माघ १५ गते बसेको कम्पनीको सञ्चालक समितिको बैठकले हाल कायम चुक्तापूँजी २ अर्ब ६५ करोड ४९ लाख ४७ हजार रुपैयाँको आधारमा १० प्रतिशत बोनस शेयर र शून्य दशमलव ५३ प्रतिशत नगद लाभांश (कर प्रयोजनार्थ) वितरणको प्रस्ताव गरेको हो ।

प्रस्तावित लाभांश नेपाल बीमा प्राधिकरणबाट स्वीकृत भएपछि कम्पनीको आगामी वार्षिक साधारणसभाले पारित गरेपछि मात्र वितरण हुनेछ ।

## गणपति लघुवित्तको नाफा बढ्यो

काठमाडौँ (अस) । गणपति लघुवित्त वित्तीय संस्था लिमिटेडले चालू आर्थिक वर्षको दोस्रो त्रैमाससम्म १ करोड २३ लाख रुपैयाँभन्दा बढी खुद नाफा गरेको छ ।

कम्पनीले गत वर्षको तुलनामा यस वर्ष करीब १५ प्रतिशत बढी खुद नाफा गरेको हो । गत वर्ष यस अवधिसम्म कम्पनीको खुद नाफा १ करोड ७ लाख रुपैयाँभन्दा बढी रहेको थियो ।

यस वर्ष कम्पनीको कुल सञ्चालन आम्दानी बढेकाले खुद नाफा बढेको देखिन्छ । गत वर्ष ५ करोड ५२ लाख रुपैयाँभन्दा बढी कुल सञ्चालन आम्दानी रहेको कम्पनीको यस वर्ष यो आम्दानी ७ करोड ९३ लाख रुपैयाँभन्दा बढी छ । दोस्रो त्रैमाससम्म कम्पनीको वितरणयोग्य नाफा भने ८३ लाख ३० हजार रुपैयाँ छ ।

हाल कम्पनीको चुक्तापूँजी १५ करोड १५ लाख ५४ हजार रुपैयाँ छ । जगेडा कोष रकम ४ करोड २ लाख रुपैयाँभन्दा बढी रहेको कम्पनीको रिटेन्ड अर्निङ रकम भने ८३ लाख ३० हजार रुपैयाँभन्दा बढी छ ।

यस अवधिसम्म कम्पनीले ४७ करोड १९ लाख रुपैयाँभन्दा बढी निक्षेप संकलन गरेको छ भने १ अर्ब ६२ करोड रुपैयाँभन्दा बढी कर्जा सापटी लिएको छ । कम्पनीले दोस्रो त्रैमाससम्म २ अर्ब ११ करोड रुपैयाँभन्दा बढी कर्जा प्रवाह गरेको छ ।

गत वर्ष ४ दशमलव ६६ प्रतिशत रहेको निष्क्रिय कर्जा यस वर्ष ४ दशमलव १३ प्रतिशत कायम भएको छ । वार्षिक प्रतिशेयर आम्दानी १६ रुपैयाँ ३० पैसा रहेको कम्पनीको प्रतिशेयर नेटवर्थ भने १३२ रुपैयाँ ८ पैसा छ ।

# हकप्रद शेयर निष्कासनका लागि सिटि होटलले नियुक्त गर्‍यो विक्री प्रबन्धक

काठमाडौँ (अस) । सिटि होटल लिमिटेडले ८० प्रतिशत हकप्रद शेयर निष्कासनको तयारी अघि बढाएको छ ।

पुस २६ गते सम्पन्न नवौं वार्षिक साधारणसभाबाट उक्त हकप्रद शेयर निष्कासनको प्रस्ताव पारित गरेको कम्पनीले विक्री प्रबन्धकका रूपमा प्रभु क्यापिटल लिमिटेडलाई नियुक्त गरेको जानकारी नेपाल स्टक एक्सचेन्ज (नेप्से) मार्फत गराएको हो ।

हाल कम्पनीको चुक्तापूँजी १ अर्ब ६७ करोड ४० लाख रुपैयाँ छ । सोही पूँजीको आधारमा कम्पनीले ८० प्रतिशत हकप्रद शेयर निष्कासन गर्न लागेको हो । विक्री प्रबन्धक नियुक्त भएसँगै कम्पनीले नियामक निकाय नेपाल धितोपत्र बोर्डमा स्वीकृतिको प्रक्रिया अघि बढाउनेछ ।

**लगानी कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | नागरिक लगानी कोष | १९८० | २७०० | १८८७ |
| २ | सिईडिबि होल्डिङ्ग्स लिमिटेड | १८३१ | २३७० | ६२७ |
| ३ | हाथवे इन्भेष्टमेण्ट नेपाल लिमिटेड | १४१५ | १८ १६ | ८०५.९ |
| ४ | एनआरएन इन्फ्रास्टक्चर एण्ड डेभलपमेन्ट लिमिटेड | १३२२ | १३२९ | ४७८.३ |
| ५ | इमर्जिङ्ग नेपाल लिमिटेड | ११९२ | १४५३.५ | ७२८ |
| ६ | नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेड | २६१ | ३६६.६ | १८८.१ |
| ७ | हाइड्रोईलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट क. लि. | २४९ | ३६० | १५८.१ |

**उत्पादन तथा प्रशोधन कम्पनीहरूको ५२ हप्ताको उच्च र न्यून मूल्यको तथ्यांक (२०८१ माघ १५)**

| क्र.सं. | कम्पनीको नाम | बजार मूल्य | ५२ हप्ताको उच्च विन्दु | ५२ हप्ताको न्यून विन्दु |
|---|---|---|---|---|
| १ | युनिलिभर नेपाल लिमिटेड | ४६५०० | ५६८०५.८ | ३८३०० |
| २ | बोटलर्स नेपाल (बालाजु) लिमिटेड | १९५५९.८ | २३७६५.६ | ६२३५.५ |
| ३ | बोटलर्स नेपाल (तराई) लिमिटेड | १३६८९.९ | १८१०० | ११७०० |
| ४ | हिमालयन डिष्टिलरी लिमिटेड | ११५५.५ | १७४९ | ११३६ |
| ५ | सर्वोत्तम सिमेन्ट लिमिटेड | ७८१ | १०८३ | ५५६ |
| ६ | शिवम् सिमेन्ट्स लिमिटेड | ५४६.५ | ७७९.९ | ४५९ |
| ७ | घोराही सिमेन्ट इण्डष्ट्री लिमिटेड | ४९७.१ | ६६८ | ४४६.३ |
| ८ | सोनापुर मिनरल्स् एण्ड आयल लिमिटेड | ४६९ | ६२४ | ४०६.१ |


*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने*

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

**रजिष्टर्ड कार्यालय:** का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौँ ।
**टेलिफोन नं.:** ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
**इमेल:** liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

**लिलाम बढाबढद्वारा अवितरित हकप्रद शेयर बिक्री गर्नेबारे**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको साविक शेयरधनीहरुमा हकप्रद शेयरको मिति २०८१/०८/१२ गतेदेखि २०८१/०९/१७ गतेसम्म बिक्री खुला गरी आवेदन माग गरिएकोमा सर्वसाधारण समूहतर्फको तपसिल बमोजिमको शेयर बिक्री हुन बाँकी रहेको हुँदा उक्त शेयर खरीद गर्न योग्य इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०८१ फाल्गुण ०५ गतेभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो सो समेत खुलाई गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन अनुरोध गरिन्छ ।

**तपशिल:**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण: ४९२,५७७ कित्ता (सर्वसाधारण समूह)**

| क्र.सं. | बोलपत्र आवेदन फारम पाइने र बुझाउन सकिने स्थान (सङ्कलन केन्द्र) हरु: |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौँ । |
| २. | **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडका शाखा कार्यालयहरु:** बिराटनगर शाखा: विरगञ्ज शाखा: पुतलीसडक केन्द्रीय कार्यालय: पोखरा शाखा: नेपालगञ्ज शाखा: बुटवल शाखा: सुर्खेत शाखा: धनगढी शाखा: । |

| | |
|---|---|
| **शिलबन्दी बोलपत्र पेश गर्न सकिने शुरु मिति: २०८१/१०/२१** | **न्यूनतम मूल्य: प्रति शेयर रु. १००/-** |
| **शिलबन्दी बोलपत्र पेश गर्न सकिने अन्तिम मिति: २०८१/११/०५ (बैंकिङ्ग समयसम्म)** | |

यस सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८१/१०/१४ गतेको "**नयाँ पत्रिका**" तथा "**अन्नपूर्ण पोष्ट**" राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्नु हुन समेत अनुरोध गरिन्छ ।

***नोट: बोलपत्रहरु सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बिक्री प्रबन्धकको कार्यालयमा सङ्कलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् खोलिने छ ।***

**बिक्री प्रबन्धक:**
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौँ,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np



**काठ जिल्ला बाहिर बिक्री सुचना**

श्री सिद्धवती सा.व.उ.स.त्रियुगा न.पा.-१५, उदयपुरबाट उत्पादित रहेको विभिन्न लटको साल गोलिया ९९ थानको ६८४.५२ काठ जिल्ला बाहिर बिक्री गर्नु पर्ने भएकोले २१ दिने सुचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि समुहमा सर्म्पक राख्नु होला ।

**श्री सिद्धवती सामुदायिक वन उपभोक्ता समूह**
.त्रियुगा न.पा.-१५, उदयपुर



**काठ/दाउरा बोलपत्रद्वारा लिलाम विक्रीको सूचना**

**प्रथम पटक प्रकाशन मिति २०८१/१०/२०**

श्री इन्द्रकालिका सा.व.उ.स, लेकवेशी न.पा.२, सुर्खेतको वन क्षेत्रबाट उत्पादित खयर जातको गोलिया काठ ३८८ थानको ५३७.०६ क्यूफिट जे जस्तो अवस्थामा छ, आफ्नै खर्चमा घाटगद्दीबाट उठाई लैजानुपर्ने गरी लिलाम विक्री गर्नुपर्ने भएकोले इच्छुक सूचिकृत स:मिल, फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि समूहको कार्यालयसँगै डिभिजन वन कार्यालय सुर्खेतमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस समूहको कार्यालयमा टाँस गरिएको छ ।

**श्री इन्द्रकालिका सामुदायिक वन उपभोक्ता समूह**
लेकवेशी नगरपालिका-२, सुर्खेत



**कर्मचारी आवश्यकता**

**(सूचना प्रकाशित मिति:-२०८१/१०/२०)**

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था हो । हाल नेपालको सात प्रदेशका ५३ जिल्लामा १३५ वटा शाखा कार्यालयहरु मार्फत लघुवित्त कार्यक्रम सञ्चालन गरेको यस वित्तीय संस्थाका लागि निम्नलिखित पदमा कर्मचारी आवश्यक भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट हालसालै खिचिएको पासपोर्ट साइजको फोटो सहितको दरखास्त निवेदन, आफ्नो बायोडाटा, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता, कार्य अनुभव सम्बन्धी विवरण सहित केन्द्रीय कार्यालय वनेपा–१०, काभ्रेपलाञ्चोक वा इमेल: vacancy.aarambhachautari@gmail.com मा विज्ञापन प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालयमा आईपुग्ने गरी दरखास्त आह्वान गरिन्छ ।

| विज्ञापन नं. | पद | श्रेणी | आवश्यक संख्या | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|
| ०१/०८१/८२ | वरिष्ठ अधिकृत/ अधिकृत/सहायक अधिकृत (कार्यक्रम अधिकृत) | अधिकृत | केही | मान्यताप्राप्त शिक्षण संस्थाबाट स्नातक तह उत्तीर्ण गरी लघुवित्त वित्तीय संस्थामा क्रमशः ५ वर्ष, ४ वर्ष र ३ वर्ष कार्यअनुभव भएको हुनुपर्नेछ । प्रदेशको मातहतमा रहि अनुगमन अधिकृत/कार्यक्रम अधिकृतको रुपमा कार्यानुभव भएकोलाई प्राथमिकता दिईनेछ । |
| ०२/०८१/८२ | सुपरभाईजर/वरिष्ठ सहायक (शाखा प्रवन्धक) | सहायक | केही | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी सुपरभाईजरको लागि लघुवित्त संस्थामा कम्तिमा ४ वर्ष, वरिष्ठ सहायकको लागि लघुवित्त संस्थामा कम्तिमा ३ वर्ष कार्यानुभव भएको हुनुपर्नेछ । स्नातक तह उत्तीर्णलाई प्राथमिकता दिइनेछ । |
| ०३/०८१/८२ | सहायक | सहायक | केही | मान्यताप्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रबिणता प्रमाणपत्र तह उर्त्तिण भएको हुनुपर्नेछ । लघुवित्त वित्तीय संस्थामा कार्यानुभव भएको लाई प्राथमिकता दिईनेछ । |

**थप जानकारी:**

१. माथि उल्लेखित सम्पूर्ण पदहरुको लागि इमेल इन्टरनेट लगायत कम्प्युटर संचालन सम्बन्धी राम्रो ज्ञान भएको हुनुपर्नेछ ।
२. उमेरको हद : अधिकृत तहको लागि २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको, सहायक तहको लागि १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको हुनुपर्नेछ । महिलाको हकमा थप ५ वर्ष ।
३. नेपाल बाहिरका शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रहरु भए समकक्षता निर्धारणको प्रमाणपत्र पेश गर्नुपर्नेछ ।
४. तोकिएको मिति भन्दा पछि प्राप्त भएका वा रित नपुगेका निबेदनहरु स्वतः रद्ध हुनेछन् । कुनै पनि उमेद्वारको अन्तिम छनौट गर्ने अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ ।
५. दरखास्त फारम यस वित्तीय संस्थाको वेभसाइटमा राखिएकोले दरखास्त फारम वेभसाइटबाट **Download** गर्न सकिनेछ ।
६. थप जानकारीका लागि संस्थाको **website:www.aarambhachautari.com** मा हेर्न सकिनेछ ।

**(नोटः रितपुर्वक परेका दरखास्त मध्ये छनौट सूचीमा परेका उम्मेद्वारहरुलाई मात्र अन्तवार्तामा बोलाईनेछ ।**

**पदपूर्ति समिति**

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि.
Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट घ" वर्गको इजाजतपत्रप्राप्त (राष्ट्रिय स्तरको) वित्तीय संस्था
केन्द्रिय कार्यालय: बनेपा १० काभ्रेपलान्चोक,
फोन नं. ०११-६६४५७९, ०११-६६१००८, Website:www.aarambhachautari.com

जि.प्र.का.काठ.द.नं. ७/०६२/६३, म.क्षे.हु.द.नं. २६/०६९/७०
आइतवार, २० माघ २०८१ | Sunday, 2 February 2025
आर्थिक अभियान



तस्वीर : सुनिल शर्मा/आर्थिक अभियान

**काठमाडौंको भद्रकालीस्थित नेपाली सेनाको मुख्यालयमा सेना दिवस २०८१ को अवसरमा आयोजित 'डग शो'मा राखिएका कुकुरहरू । आम नागरिकलाई नेपाली सेनाबारे जानकारी दिने उद्देश्यले फोटो, हातहतियार, पोशाक, उपकरण र अन्य बृहत् प्रदर्शनी आयोजना गरिएको थियो ।**

# आइएमई ग्रुपको होटल 'इला कम्फर्ट बागलुङ' सञ्चालनमा

**अभियान संवाददाता**

काठमाडौं

आइएमई ग्रुपको लगानीमा बागलुङ बजारमा लक्जरी होटल 'इला कम्फर्ट बागलुङ' सञ्चालनमा आएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डेले शनिवार उक्त होटल उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै मन्त्री पाण्डेले आइएमई ग्रुपले पर्यटन पूर्वाधारका क्षेत्रमा गरेको लगानीले मुलुककै पर्यटन उद्योगमा सकारात्मक प्रभाव पारेको बताए ।

कार्यक्रममा गण्डकी प्रदेशका मन्त्री कृष्ण पाठकले आइएमई ग्रुपले मुलुकभर पर्यटन पूर्वाधार विकासमा गरेको लगानीको चर्चा गर्दै गण्डकी प्रदेशमा थप लगानीका लागि आह्वान गरे । आइएमई ग्रुपका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बागलुङमा सञ्चालनमा ल्याइएको यो होटलले यस क्षेत्रको पर्यटन विकासमा योगदान पुग्ने विश्वास व्यक्त गरे । मुलुकभित्र लगानी र रोजगारीको वातावरण नहुँदा विदेसिन बाध्य भएका लाखौं नेपालीको भावना समेटेर आफूहरू मुलुकका सातओटै प्रदेशमा होटल तथा केबलकारसहितका पर्यटकीय पूर्वाधारमा लगानी केन्द्रित भएको उनले बताए ।




**४ रोपनी जग्गामा फैलिएको इला कम्फर्टमा २७ अतिथि कक्ष, दुई सुइट र एक विशेष पेन्ट हाउससहित आकर्षक ढंगले डिजाइन गरिएका ३० ओटा कोठा छन् ।**

कार्यक्रममा संघीय सांसदहरू दीपक गिरी, जीवन परियार, बागलुङ नगरपालिकाका मेयर वसन्त श्रेष्ठ र बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले बागलुङमा होटल सञ्चालनले यहाँको पर्यटन पूर्वाधारमा टेवा पुगेको भन्दै थप लगानीका लागि आह्वान गरेका थिए ।

कालीगण्डकी कोरिडोर तथा मध्य पहाडी लोकमार्ग हुँदै गण्डकी क्षेत्र तथा बागलुङका पर्यटकीय स्थल भ्रमण गर्ने पर्यटक तथा अन्य पाहुनाका लागि यो होटलले गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउने बताइएको छ । करीब ३० करोड रुपैयाँको लगानीमा निर्माण गरिएको यो होटलले बागलुङमा स्तरीय आवासका लागि नयाँ मानक स्थापित गर्ने विश्वास लिइएको छ । ४ रोपनी जग्गामा फैलिएको इला कम्फर्टमा २७ अतिथि कक्ष, दुई सुइट र एक विशेष पेन्ट हाउससहित आकर्षक ढंगले डिजाइन गरिएका ३० ओटा कोठा छन् ।

इला होटल तथा रिसोर्टका प्रमुख सचिन ढकालले इला होटल्स एन्ड रिसोर्टले पर्यटकको बागलुङ बसाइलाई अविस्मरणीय अनुभवमा रूपान्तरण गर्ने बताए । नवलपरासीको गैंडाकोटमा समेत इला होटल शुरू गर्ने तयारी भइरहेको आइएमई ग्रुपले बताएको छ । साथै नेपालका सबै सातै प्रदेशमा आतिथ्य सेवा उद्योग खोल्ने कम्पनीको योजना छ ।

### नवीकरणीय ऊर्जा प्रमाणपत्रका लागि इप्पान-प्रोक्लाइम सम्झौता

# एक अर्बको कार्बन व्यापारको लक्ष्य

**अभियान संवाददाता**

काठमाडौं



स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले निजीक्षेत्रबाट उत्पादित २ हजार मेगावाट विद्युत्को अन्तरराष्ट्रिय नवीकरणीय ऊर्जा प्रमाणपत्र (आईरिक्स) लिने सम्बन्धमा सम्झौता गरेको छ । इप्पानका अध्यक्ष गणेश कार्की र प्रोक्लाइमका प्रमुख कार्यकारी अधिकृत (सीईओ) कविनकुमार कंडासामीले शुक्रवार काठमाडौंमा आयोजित एक कार्यक्रममा उक्त सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

इप्पानले प्रोक्लाइमसँग गरेको सम्झौताअनुसार नेपालमा निजीक्षेत्रले उत्पादन गरेको २ हजार ७०० मेगावाट विद्युत्मध्ये पहिलो चरणमा २ हजार मेगावाट विद्युत् कार्बन व्यापारका लागि योग्य हुनेछ । यस सम्झौतासँगै नेपालको निजीक्षेत्रले वर्षेनि करीब १ अर्ब रुपैयाँ बराबरको कार्बन व्यापार गर्न सक्ने इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । यसको सहजताका लागि सरकारले नीति बनाउनुपर्नेमा उनले जोड दिए । 'सरकारको साथ नभए निजीक्षेत्र एक्लैले चाहेर नहुने भएकाले कार्बन व्यापारका लागि बाटो खोल्न जरुरी छ,' उनले भने ।

प्रोक्लाइमका सीईओ कंडासामीले भारत, भुटान र श्रीलंकाले कार्बन व्यापारबाट फाइदा लिइरहेकाले नेपालले पनि अब यो अवसर सदुपयोग गर्न लागेको बताए । इन्टरनेशनल हाइड्रोपावर एशोसिएशन (आईएचए)का उपाध्यक्ष सुशील पोखरेलले नेपालमा निर्माण भइरहेका जलविद्युत् आयोजनाहरू दिगो विकासका मापदण्ड पूरा गरेर बनिरहेको भन्दै नेपाली आयोजनाले पनि छिट्टै कार्बन व्यापारबाट पैसा पाउने बताए ।

कार्यक्रममा विद्युत् नियमन आयोगका अध्यक्ष डा. रामप्रसाद धितालले नेपालका लागि डिजाइन गरिएको आइरिक्स क्याल्कुलेटरको शुभारम्भ गरे । यो क्याल्कुलेटरले कति मेगावाट विद्युत् उत्पादन हुँदा त्यसले वार्षिक कति रुपैयाँ बराबरको कार्बन व्यापारका लागि योग्य छ भन्ने देखाउँछ । नेपाली निजीक्षेत्रले उत्पादन गरेको २ हजार ७०० मेगावाट विद्युत्लाई कार्बन व्यापारसँग जोड्दा यसले वार्षिक करीब १ अर्ब रुपैयाँ बराबरको लाभ पाउनुपर्छ ।

विश्व बजारमा कार्बन व्यापार भइरहे पनि नेपालले लाभ लिन नसकेको अध्यक्ष डा. धितालले बताए । जलविद्युत्को प्रचुर सम्भावना रहेको र ३ हजार मेगावाटभन्दा बढी जलविद्युत् उत्पादन भइरहेको नेपालले अब कार्बन व्यापारबाट पनि लाभ लिन सक्नुपर्नेमा उनले जोड दिए ।

वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले नेपालले वनजंगलबाट सानो परिमाणमा कार्बन विसर्जनबापतको रकम लिए पनि जलविद्युत् आयोजनाले अहिलेसम्म उक्त लाभ लिन नसकेको बताए ।

ऊर्जा मन्त्रालयका वरिष्ठ ऊर्जा विज्ञ प्रबल अधिकारीले क्षेत्रीय बजारमा विद्युत् निर्यात गरिरहेको नेपालले कार्बन व्यापारबाट पनि राम्रो आम्दानी गर्न सक्ने विश्वास व्यक्त गरे ।

ग्लोबल कार्बन काउन्सिलका प्रबन्धक अशोक के चन्देल र ग्लोबल रिन्वेल अलाइन्सका इरिक सोल्हिमले कार्यक्रमलाई सम्बोधन गर्दै चीन र भारत जस्ता शक्तिराष्ट्रको बीचमा रहेको नेपालले कार्बन व्यापारबाट लाभ लिनुपर्ने बताएका थिए ।

नेपालको कुल क्षेत्रफलको करीब ६६ लाख हेक्टर भूभाग वन क्षेत्रले ओगटेको छ । वन तथा वातावरण मन्त्रालयको तथ्यांक अनुसार १ हेक्टर वनले १७६ दशमलव ९५ मेट्रिक टन कार्बन सञ्चित गर्छ । यसरी नेपालको वनक्षेत्रबाट कुल १ अर्ब १० करोड ८४ लाख ७० हजार मेट्रिक टन कार्बन सञ्चित हुन सक्ने विज्ञहरू बताउँछन् ।

विज्ञहरूका अनुसार विश्व बजारमा प्रतिमेट्रिक टन कार्बन ५ अमेरिकी डलरमा बिक्री भइरहेको छ । यसरी नेपालले १ खर्बभन्दा बढीको कार्बन व्यापार गर्न सक्ने प्रारम्भिक अनुमान छ । कार्बन भण्डारणको आनुपातिक सम्भावनाका हिसाबले दक्षिण एसियाका अरू देशको दाँजोमा नेपालको स्थिति राम्रो रहेको बताइएको छ ।

## अरूण तेस्रोको प्रवेशमार्गको मुआब्जा वितरण प्रक्रिया शुरू

संखुवासभा । संखुवासभामा निर्माणाधीन ९०० मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेशमार्गको मुआब्जा वितरण प्रक्रिया शुरू भएको छ । यही माघ ९ गते जिल्ला प्रशासन कार्यालयमा बसेको सरोकारवाला र सर्वदलीय बैठकको निर्णयअनुसार प्रवेश मार्ग (छ्याङ्कुटी-दिदिङ) सडक खण्डको जग्गाको मुआब्जा वितरण प्रक्रिया शुरू गरिएको हो ।

सर्वोच्च अदालतले गत पुस १७ गते अरुण तेस्रो प्रवेशमार्गको मुआब्जा एक महीनाभित्र वितरण गर्न आदेश दिएको थियो । अदालतको आदेश अनुसार सरोकारवाला र सर्वदलीय बैठकबाट कार्यविधि मापदण्ड निर्माण गरेर छुट मुआब्जा वितरणका लागि निवेदन संकलन भइरहेको सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले बताए । सहायक प्रजिअ घिमिरेका अनुसार छुट मुआब्जा वितरणका लागि जिल्ला प्रशासन कार्यालयमा हेल्प डेस्क स्थापना गरेर विवरण संकलन भइरहेको छ । छुट मुआब्जाका लागि हालसम्म ५० ओटा निवेदन प्राप्त भइसकेका छन् । उक्त निवेदन रूजु गरेर लाभ कर लाग्ने वा नलाग्ने छुट्ट्याएपछि सम्बन्धित व्यक्तिको खातामा केही दिनभित्र मुआब्जा रकम जम्मा गरिने जिल्ला प्रशासनले जनाएको छ ।

अदालतले छ्याङ्कुटी-दिदिङ सडक खण्डको (२४ दशमलव ५ किलोमिटर) छुट मुआब्जा वितरण गर्न आदेश दिएको थियो । अरुण तेस्रो प्रवेश मार्ग संघर्ष समितिले मुआब्जा दिन छुट बाँकी ४५४ रोपनी जग्गाको मुआब्जा माग गर्दै आएका थिए ।

विसं २०८० वैशाख २६ गते छ्याङ्कुटी-दिदिङ सडकखण्डको छुट मुआब्जा प्रमुख जिल्ला अधिकारी संयोजक भएको मुआब्जा निर्धारण समितिले प्रति रोपनी ११ लाख ७५ हजार दिने निर्णय गरेको छ । छुट मुआब्जाबापतको ५३ करोड रुपैयाँ विकासकर्ता कम्पनी सतलज जलविद्युत् निगम (एसएपिडिसि)मार्फत जिल्ला प्रशासन कार्यालयको धरौटी खातामा जम्मा भइसकेको जनाइएको छ । *रासस*

## 'अर्थतन्त्रको अग्रगतिका लागि वाणिज्य र व्यवस्थापनमा नवप्रवर्तन'



वीरगञ्ज (अस) । अर्थतन्त्रको अग्रगतिका लागि वाणिज्य र व्यवस्थापनमा नवप्रवर्तनको आवश्यकता औंल्याइएको छ । नेपाल कमर्स एशोसिएशन (एनसिए)को प्रथम सम्मेलनका सहभागी वक्ताहरूले यस्तो बताएका हुन् । वाणिज्य र व्यवस्थापन क्षेत्रको खोज र अनुसन्धानविना अर्थतन्त्रका कुनै पनि सरोकारहरूले अपेक्षित गति लिन नसक्ने सहभागी वक्ताहरूले बताए । भारतीय कमर्स एशोसिएशनका पूर्वउपाध्यक्ष प्राडा मानस पाण्डेले अर्थतन्त्रलाई गति दिन सकारात्मक सोच र सम्भाव्यताका क्षेत्रहरूको अनुसन्धानमा जोड दिए ।

राजर्षि जनक विश्वविद्यालयका डीनसमेत रहेका एशोसिएशनका संस्थापक डा. विनोद साहले उद्यम व्यापार क्षेत्रको विकासविना अर्थतन्त्र अघि बढ्न नसक्ने र यो क्षेत्रमा सम्भावनाहरूको खोज आवश्यक रहेको बताए ।

नेपाल पत्रकार महासंघ पर्साका अध्यक्ष ओमप्रकाश खनालले कृषि, पर्यटन र उत्पादन क्षेत्रका सम्भावनाबारे पर्याप्त खोज हुन नसकेको र देखासिकीमा लगानी गर्ने परिपाटीले व्यावसायिक लगानीमा जोखिम बढेकोतर्फ ध्यानाकर्षण गराए । सूचना प्रविधिमा तीव्र प्रतिस्पर्धा भइरहेको अहिलेको अवस्थामा पुरानो सोच र मान्यतामा आधारित अर्थतन्त्रको मोडल असफल हुने भन्दै उनले सापेक्ष खोज र अनुसन्धानमा जोड दिए ।

एशोसिएशनका अध्यक्ष डा. दीपेन्द्रकुमार चौधरीको अध्यक्षतामा भएको सम्मेलन उद्घाटन कार्यक्रममा वीरगञ्ज उद्योग वाणिज्य संघका अध्यक्ष अनिलकुमार अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, महेन्द्र बहुमुखी क्याम्पस रिसर्च कमिटीका प्रमुख अशोककुमार झा, नेपाल कमर्स क्याम्पसका डा. सुरेन्द्र महतो, वीरगञ्ज महानगरपालिकाका वडाध्यक्ष बैजुलाल स्वर्णकारलगायतले अर्थतन्त्रले अनुसन्धान र अन्वेषणमा आधारित व्यवस्थापन खोजेको धारणा व्यक्त गरेका थिए । सम्मेलनमा विभिन्न २१ विधामा भएका शोधहरू प्रस्तुत गरिएको चौधरीले जानकारी दिए ।

**तथ्यांकोवाच**

## इलेक्ट्रिक हेयर रिमुभरको विश्व आयात बजार ५७ करोड अमेरिकी डलर

वर्तमान युगको अत्यावश्यक वस्तुका रूपमा परिचित इलेक्ट्रिक हेयर रिमुभरको विश्व आयात ५७ करोड अमेरिकी डलर बराबर रहेको छ । विश्व बजारमा अत्यधिक माग रहेको इलेक्ट्रिक हेयर रिमुभर क्षेत्रमा नेपालले पनि आफ्नो क्षमताले भ्याउनेगरी उपस्थिति बढाउन सक्ने रणनीति तर्जुमा हुन आवश्यक छ ।

| आयातकर्ता मुलुकहरू | मूल्य हजार अमेरिकी डलर | सन्तुलन | विश्व आयातमा हिस्सा (प्रतिशत) | भन्सार दर (प्रतिशत) |
|---|---|---|---|---|
| विश्व | ५७२,०५७ | १०७६४० | १०० | |
| जर्मनी | ९८,५४० | -८६४२ | १७ | १ |
| संयुक्त राज्य अमेरिका | ५१,११६ | -४४४०१ | ९ | २ |
| फ्रान्स | ४२,९८९ | -३४२२६ | ८ | १ |
| स्पेन | २६,०५५ | -१४६९४ | ५ | १ |
| हंगेरी | २३,५७६ | ३८०२९ | ४ | १ |
| इटाली | १९,३३६ | -१५०८३ | ३ | १ |
| जापान | १७,८९८ | -१७१३५ | ३ | - |
| संयुक्त अरब इमिरेट्स | १६,४७३ | १०९७ | ३ | ५ |
| पोल्याण्ड | १६,०८४ | -३७०५ | ३ | १ |
| रूसी संघ | १५,८४८ | -१५०२४ | ३ | ५ |
| भारत | १३,२५४ | -१२८९९ | २ | १६ |
| संयुक्त अधिराज्य | १३,१८२ | -१५५५ | २ | १ |
| अष्ट्रेलिया | १३,१२४ | -१२६१९ | २ | - |
| चीन | ११,२१९ | ३४५३०१ | २ | १४ |
| टर्की | १०,४८३ | -७८०० | २ | १ |
| बेल्जियम | १०,३३९ | -४८७३ | २ | १ |
| नेदरल्याण्ड्स | १०,२७४ | ५७३६ | २ | १ |
| साउदी अरेबिया | ८,८५२ | -८७३१ | २ | ५ |
| इराक | ८,२२७ | -८२०७ | १ | ... |
| क्यानडा | ७,७४० | -७४३६ | १ | ० |
| स्लोभेनिया | ७,६३६ | ४७४३ | १ | १ |
| अस्ट्रिया | ७,२३१ | -५९२७ | १ | १ |
| हङकङ, चीन | ७,२०१ | ९८५ | १ | - |
| स्विट्जरल्याण्ड | ६,५७० | -६३६८ | १ | ० |
| इजरायल | ५,६५७ | -३२५७ | १ | - |
| चेक गणराज्य | ५,४११ | २८६ | १ | १ |
| मेक्सिको | ५,३९५ | -५३९५ | १ | १२ |
| भियतनाम | ४,४०९ | ५५६ | १ | १९ |
| स्लोभाकिया | ४,३८१ | -१८८७ | १ | १ |
| स्वीडेन | ४,१६२ | ६५७ | १ | १ |
| बुल्गेरिया | ३,९६५ | -२४६५ | १ | १ |
| आयरल्याण्ड | ३,८५८ | -३६३१ | १ | १ |
| रोमानिया | ३,७३३ | -२५६३ | १ | १ |
| कोरिया, गणराज्य | ३,५६६ | १७२६ | १ | ५ |
| लिथुआनिया | ३,५०७ | -१६७७ | १ | १ |
| काजाकिस्तान | ३,२३१ | -३०५७ | १ | ५ |
| नर्वे | २,८७४ | -२६८६ | १ | - |
| डेनमार्क | २,५६८ | -१७५२ | ० | १ |
| कुवेत | २,५४० | -२५११ | ० | ५ |
| चिली | २,१७३ | -४९५ | ० | ३ |
| बेलारुस | २,०४२ | -२०४१ | ० | ५ |
| क्रोएसिया | १,९०८ | -३३६ | ० | १ |
| अल्बानिया | १,८४० | -१८३८ | ० | - |
| ग्रीस | १,८१२ | -१५४३ | ० | १ |
| इस्टोनिया | १,६४१ | -११२ | ० | १ |
| थाइल्याण्ड | १,५८४ | -१०५ | ० | ९ |
| दक्षिण अफ्रिका | १,५२० | -१३३५ | ० | - |
| अल्जेरिया | १,४८७ | -१४८७ | ० | २७ |
| ब्राजिल | १,४०४ | -१३९८ | ० | १९ |
| न्यूजील्याण्ड | १,३७५ | -१३६२ | ० | ३ |
| युक्रेन | १,३६८ | -१३६३ | ० | ४ |
| फिनल्याण्ड | १,३६० | -१३०९ | ० | १ |
| इरान, इस्लामिक गणराज्य | १,३५८ | -१३५८ | ० | १० |
| सिंगापुर | १,३५१ | ४२३ | ० | - |
| ओमान | १,३३५ | -१३१५ | ० | ५ |
| मलेसिया | १,२०२ | -९८३ | ० | - |
| ताइपेई, चिनियाँ | १,१८३ | १५९४ | ० | ६ |
| अर्जेन्टिना | १,१२७ | -११२७ | ० | १९ |
| कतार | १,१०२ | -११०२ | ० | ५ |
| जोर्डन | १,०९२ | -१०८९ | ० | ४ |
| पोर्चुगल | १,०३१ | -८८७ | ० | १ |
| आर्मेनिया | ९६४ | -८७८ | ० | ५ |
| मोरक्को | ८४० | -८३७ | ० | २ |
| मकाउ, चीन | ७६१ | -७४१ | ० | - |
| लिबिया, राज्य | ६८० | -६८० | ० | ५ |
| इन्डोनेसिया | ६४९ | -५५३ | ० | ९ |
| कोलम्बिया | ६३९ | -६३२ | ० | ४ |
| लेबनान | ५९५ | -५६६ | ० | ४ |
| अजरबैजान | ५८१ | -५८१ | ० | १४ |
| जर्जिया | ५२६ | -४७९ | ० | - |
| इजिप्ट | ५११ | -५११ | ० | ४५ |
| यमन | ५०६ | -५०६ | ० | ५ |
| पनामा | ४८८ | ५१३ | ० | ५ |
| सर्बिया | ४५५ | -२३० | ० | ४ |
| लक्जमबर्ग | ४५४ | -४५० | ० | १ |
| उरुग्वे | ४५१ | -४५१ | ० | १९ |
| लाटभिया | ४४२ | -२ | ० | १ |
| पाराग्वे | ४४० | -४३९ | ० | ६ |
| पेरु | ४२५ | -४०७ | ० | ५ |
| बोस्निया र हर्जगोभिना | ३८३ | ४०७५ | ० | ८ |
| बंगलादेश | ३३५ | -३१९ | ० | २४ |
| बहराइन | ३२८ | -३२८ | ० | ५ |
| फिलिपिन्स | ३०५ | -३०५ | ० | ३ |
| म्यासेडोनिया, उत्तर | २९४ | -२९४ | ० | १३ |
| हाइटी | २७९ | -२७९ | - | १० |
| साइप्रस | २६९ | -२६९ | - | १ |
| सिरियाली अरब गणतन्त्र | २५६ | -२५६ | - | २८ |
| मोल्डोभा, गणतन्त्र | २४४ | -२४४ | - | ६ |
| गुयाना | २४२ | -२४१ | - | १७ |
| तुर्कमेनिस्तान | २०९ | -२०९ | - | ... |
| ट्युनिसिया | १७४ | -१७४ | - | १२ |
| मोन्टेनेग्रो | १६८ | -१६७ | - | ३ |
| इक्वेडर | १६४ | -१६० | - | १७ |
| बोलिभिया, बहुराष्ट्रिय राज्य | १५५ | -१५३ | - | १० |
| पाकिस्तान | १५४ | -१५३ | - | - |
| भेनेजुएला, बोलिभेरियन गणतन्त्र | १४८ | -१४८ | - | १९ |
| कोस्टारिका | १४७ | -१३९ | - | ७ |
| नेपाल | १३४ | -१३४ | - | १५ |

*स्रोत : आइटिसी*

न्यू बिजनेश एज लि.द्वारा प्रकाशित प्रधान सम्पादक : मदन लम्साल सम्पादकीय निर्देशक : केशव गौतम कार्यकारी सम्पादक : पृथ्वीमान श्रेष्ठ पाञ्चायनमार्ग, थापाथली, काठमाडौं पो.ब.नं. १४१९७, फोन-०१-५३६७७१७ इमेल : editorial@abhiyan.com.np मुद्रक : समा पेपर्स एण्ड पब्लिकेसन लि., भैंसेपाटी, ललितपुर